# नेपाली कांग्रेस

## पार्टीको एजेण्डा, सिद्धान्त, प्राथमिकता, कार्ययोजना  र कार्यतालिका लगायतका विषयमा

### केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत धारणा

**२०८० साउन ८**

**गगनकुमार थापा**

**महामन्त्री**

**आदरणीय सभापतिज्यू,**
**नेपाली कांग्रेस, केन्द्रीय कार्यसमिति ।**

नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको यो बैठकमा मेरा केही धारणाहरू लिखित रुपमा प्रस्तुत गर्न चाहान्छु । मैले हाम्रो पार्टीका विभिन्न तहका नेता र सदस्य साथीहरुसँग नियमित विचार विमर्श त गरिरहेको छु नै । त्यससँगै बौद्धिक समुदाय, सुभेच्छुक र पार्टीमा आवद्ध नभएका आम नागरिकसँग पनि निरन्तर संवाद, छलफल र अन्तरक्रिया गरिरहेको छु । त्यसैले पार्टीका साथीहरू र आम नेपाली दाजुभाइ दिदीबहिनीहरूको मनस्थितिलाई म आकलन गर्न सक्छु ।

समाजका सबै तह र तप्काका पुरानो पुस्तादेखि तरुण पुस्तासम्म, गाउँदेखि सहरसम्म, तराई-मधेशदेखि हिमाल र पहाडसम्मका देशभित्र र वाहिर रहनुभएका नेपाली नागरिकहरूमा ठूलो उकुसमुकुस, व्याकुलता र निराशा देखिन्छ । कुशासन, भ्रष्टाचार, महंगी, बेरोजगारीका कारण नागरिकमा व्यापक आक्रोश, असन्तुष्टि र वितृष्णा बढ्दै गएको छ। अध्ययनका लागि होस वा श्रमको लागि दिनहुँ विदेश गइरहेका युवाको ठुलो लर्को र तिनले नेपालभित्र भोग्नुपरेको सास्तिले हाम्रो राजनीतिलाई गिज्याइरहेको छ । अन्यायमा परेका नागरिकहरू गुहार माग्दै सडकमा उत्रँदा पनि न्याय पाउन सकेका छैनन् । एकातिर मिटर ब्याज पीडितहरूको आन्दोलन छ, अर्कोतिर सहकारी पीडितहरू सडकमा उत्रिएका छन्, द्वन्द्व पिडितहरू वर्षौंदेखि न्यायको पर्खाइमा छटपटाइरहेका छन । देशमा बढ्दै गइरहेको आर्थिक संकटले साना उद्यमी व्यवसायीदेखि ठूला व्यवसायीहरू गम्भीर जोखिममा परेका छन् । शिक्षक, प्राध्यापक, डाक्टर, विद्यार्थी, किसान सवैका समस्यामा राज्य कि वेखवर छ कि त असंवेदनशील । कहिले मल-विउ, मूल्य र वजारको अभाव त कहिले जलवायू परिवर्तनको विकारल असरलाई झेलिरहेका किसानको अनन्त पीडालाई नदेखेजस्तो गर्नु राज्यको नियति बनेको छ ।

यो जटिल र उदेकलाग्दो परिदृश्यको आधारमा विष्लेषण गर्दा सरकार, राजनीतिक पार्टीहरु र राज्यका संरचना र संस्था कोहीसँग पनि नागरिक सन्तुष्ट देखिन्नन् । आम नागरिकमा आशा, भरोसा र विश्वासको किरण मधुरो हुँदै गएको छ । यद्यपि सरकार, राजनीतिक पार्टीहरू र खासगरी हामी नेपाली कांग्रेससँग मात्रै जनताको वितृष्णा भएको भए बरु धेरै चिन्ता लाग्दैनथ्यो । तर यहाँ त जनताको आशा नै मरेको जस्तो  देखिएको छ, नागरिक असहाय महशुस गरेका छन, जुन अत्यन्त चिन्ताको विषय हो ।

यस बारेमा हामीले गम्भीर समीक्षा  र विश्लेषण गरी जनताको हृदयमा आशा र भरोसाको दियो जगाउनु परेको छ । अहिले नेपाली कांग्रेसको धर्म र कर्म पनि यही हो । नेपाली जनताले हामीसँग गरेको अपेक्षा पनि यही नै त हो । तर आशा र भरोसाको दियो कसरी बाल्ने ?

आम निराशा र आवेगको यस्तो पृष्ठभूमिमा के नेपाली कांग्रेसले आफ्नो ऐतिहासिक दायित्वलाई महसुस गरेको छ ? हाम्रो पार्टीको मनोदशा के छ ? मैले यस वैठकमा आदरणीय पदाधिकारी, अग्रज नेताहरुदेखि केन्द्रीय सदस्य साथीहरूको विचार, विश्लेषण, सुझाव र टिप्पणी सुनिरहेको छु । यबीचमा मैले प्रत्येक दिन ग्रासरुट्स तहका साथीहरूसँग पनि भेटिरहेको छु, संवाद गरिरहेको छु, विचार, सुझाव र टिप्पणीहरु सुनिरहेको छु । पार्टीका कार्यक्रमहरुमा पार्टीपंक्तिका साथीहरूको कुरा पनि सुनिरहेको छु । यसका साथै केन्द्रीय कार्य समितिको वैठकको पूर्वसंन्ध्यामा सार्वजनिक रुपमा

सामाजिक संजालमार्फत सुझाव पनि आह्वान गरेको थिएँ । केन्द्रीय समितिका कार्यसूचीका साथसाथै पार्टीको नीति र भूमिकाको बारेमा हजारौं सुझावहरु विभिन्न माध्यममार्फत आएका छन् । यसरी भेटघाट, छलफल, अन्तरक्रिया र संवाद लगायत विभिन्न माध्यमबाट प्राप्त सुझाव,तथा विचार र विश्लेषण सुन्दा प्रमुख रुपमा दुई किसिमका प्रवृत्ति देखिन्छ । पहिलो, आत्मनिन्दा र दोस्रो, आत्मश्लाघा ।

एकथरी पार्टीका नेता-कार्यकर्ताहरूको कुरा सुन्दा यस्तो प्रतीत हुन्छ कि- 'हामी कमजोर भयौं, अब पार्टीले पुनर्जीवन पाउने सम्भावना छैन, हामी सबै सकियौं, हाम्रो भविष्य पनि समाप्त भयो । खासगरी पार्टीको तल्लो तहमा पुग्दा पार्टी चुनौतीमा छ,जे भईरहेको छ ठिक भएको छैन, अब केही हुँदैन कि भन्ने भय र चिन्ता व्याप्त छ । यसमा निराशा र आत्मनिन्दा झल्किन्छ ।

तर फेरि पार्टीका अर्कोथरी नेता-कार्यकर्ताहरु कुरा सुन्दा यस्तो प्रतीत हुन्छ कि भर्खरै सम्पन्न निर्वाचनहरुमा विजय हासिल गरेर सबैभन्दा ठूलो पार्टी भएका छौं, हामी अभेद्य छौं, हाम्रा चुनौती छैनन् । बाहिर सुनिएका बजार हल्ला र सामाजिक संजालका कोलाहलहरू अतिरञ्जित छन्, प्रायोजित छन् । हाम्रो पार्टीमा कुनै समस्या छैन, सबै कुरा ठीकठाक छ र हाम्रो सुदूर भविष्यसमेत सुनिश्चित छ ।

यो वैठकमा केन्द्रीय समितिका बहुसंख्यक साथीहरूको धारणा सुन्दा केही चुनौती छैन, सव ठिकठाक छ, जे भइरहेको छ सही छ भन्ने आत्मश्लाघा देखिन्छ । मानौं, पार्टीमा केवल एउटा समस्या छ, त्यो हो महामन्त्रीहरुले सार्वजनिक रुपमा पार्टीको विचार, सिद्धान्त, नीति र नेतृत्वको बारेमा बोल्छन् । यदि महामन्त्रीहरुले मौनव्रत धारण गर्ने हो भने पार्टीका सबै समस्या समाधान हुन्छन ।

मेरो विचारमा यी दुवै अतिवादी प्रवृत्ति अत्यन्तै घातक छन् । त्यसैले सबैभन्दा पहिले यस्तो आत्मघाती प्रवृत्तिबाट अविलम्ब मुक्त हुन जरुरी छ ।अब हामीले आत्मश्लाघा वा आत्मनिन्दा होइन, इमान्दारितापूर्वक आत्मसमीक्षा, आत्मनिरीक्षण र आत्मसंकल्प गर्नुपर्ने घडी आएको छ ।

**सभापतिज्यू,**

निश्चय नै, वैठकमा पार्टीका आदरणीय नेता र केन्द्रीय सदस्य साथीहरुले भने जस्तै हामी संघीय संसदमा सबैभन्दा ठूलो दलका रुपमा स्थापित भएका छौं । संसदको तेस्रो पार्टी माओवादीका अध्यक्ष प्रधानमन्त्री भए पनि सत्ता गठबन्धनमा हामी सबैभन्दा ठूलो र निर्णायक पार्टी हौं । सात मध्ये चार प्रदेशमा हाम्रो नेतृत्वको सरकार छ । बाँकी तीन प्रदेशमा पनि हामी सरकारमा साझेदार छौं । ७५३ मध्ये ३३२ वटा स्थानीय तहमा हाम्रो नेतृत्वमा स्थानीय सरकार छन् । जसमा ३३२ मा प्रमुख, ३०० मा उपप्रमुख र २६६८ वडामा वडाध्यक्ष जितेका छौं । जुन प्रत्यक्ष जनतासंग जोडिएको सरकार हो ।

यो अबस्थामा हामी उत्सवको माहोलमा नै हुनुपर्ने हो । तर आम पार्टी पंक्तिमा किन विजयको भाव छैन, किन सबै गुमाएर शोकमग्न जस्ता देखिन्छन् ? यो सर्वव्यापी निराशा त्यसो भए किन छ? सबैतिर जितेका छौं तर फुटबलमा पराजित भएको टिम जस्तो अथवा युद्धमा पराजित भएको सेना जस्तो किन आरोप-प्रत्यारोप गरिरहेका छौं ?

तीन वटै तहमा सरकारमा भएको कारणले अहिले हामी डेलिभरी गर्ने हैसियतमा छौं । तर तीन वटै तहमा जनताले दिएको जिम्मेवारी अनुसार हाम्रा सरकारलाई सफल बनाउन छाडेर किन हामी २०८४ गुम्छ की चिन्ता गरिरहेका छौं ?

यस्तो निराशा र द्विविधाग्रस्त मानसिकताबाट कसरी मुक्ति पाउने ? हामीले आत्मचिन्तन गर्नु पर्ने अहिलेको विषय यही हो । किनकि हामी आफैं निराशाको कैदी भयौं भने हामीले समाजमा आशाको किरण कसरी छर्न सक्छौं ?

यस्तो वातावरणमा अब के गर्ने भन्ने द्विविधा हुँदा हामीलाई बाटो देखाउन हाम्रो पार्टीको गौरवशाली इतिहास छ । यस्तो परिस्थिति र परिवेशको सङ्कटबाट देश र पार्टीलाई मुक्त गरेर नेतृत्वले कसरी सफल अवतरण गरेको थियो भन्ने म केही ऐतिहासिक दृष्टान्त स्मरण गर्न चाहन्छु ।

पहिलो, २०४२ को सत्याग्रहपछि पनि हाम्रो पार्टीपंक्तिमा चरम निराशाको अवस्था थियो । २०३७ सालको जनमत संग्रह र पाँच वर्षपछि गरिएको सत्याग्रह पनि असफल भएपछि अब पञ्चायती व्यवस्थाको अन्त्य गरी लोकतान्त्रिक प्रणाली स्थापना गर्न सकिँदैन,राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति नेपाली कांग्रेस र लोकतन्त्र स्थापनाका दृष्टिले प्रतिकूल छ, अब पञ्चायतका विरुद्धको संघर्ष सफल हुन सक्दैन भन्ने मनोविज्ञान पार्टीभित्र वनेको थियो । पार्टीका धेरै साथीहरूले कि त पार्टी छोड्नुभयो कि त कुनै कांग्रेसमा भविष्य नदेखेर निष्क्रिय रहनुभएको थियो । इतिहासको अनेकन कालखण्डमा पार्टी जीवनमा यस्ता प्रतिकुलताहरू आइरहन्छन् । तर यस्तो प्रतिकूल परिस्थितिमा पार्टी नेतृत्वले आत्मसमीक्षा र आत्मनिरीक्षण गरी पार्टीलाई नयाँ जीवन दियो, जनता र कार्यकर्तामा आशाको सन्देश प्रवाह गर्न सफल भयो र तिनले विश्वास गर्ने राजनीतिक कार्यदिशा र रणनीति तय गरेर पार्टीलाई पुनर्जीवन दिन सफल भएको थियो ।

त्यतिवेला हाम्रा आदरणीय नेताहरुले जनतालाई आग्रह गर्नुभयो-‘हामीलाई विश्वास गरी साथ दिनुहोस्, हामी निरंकुश पञ्चायती व्यवस्था अन्त्य गरी बहुदलीय प्रजातन्त्र स्थापना गर्छौं । लोकतान्त्रिक प्रणालीमार्फत आर्थिक-सामाजिक रुपान्तरण गरी उदार लोकतान्त्रिक नेपाल निर्माण गर्छौं ।’ शान्तिपूर्ण जन आन्दोलनमार्फत प्रजातन्त्र स्थापना गर्ने नेपाली कांग्रेसका आदरणीय गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला लगायतका नेताहरूको दूरदर्शीपूर्ण निर्णय र उपयुक्त नीति तथा रणनीतिको कारणले २०४६ मा बहुदलीय प्रजातन्त्र स्थापना भएको थियो । २०४२ सालको सत्याग्रहको असफलतापछिको त्यति ठूलो प्रतिकूल राजनीतिक परिस्थितिलाई २०४६ मा राजनीतिक अनुकूलतामा रुपान्तरण गर्नु नेतृत्वको ऐतिहासिक सफलता हो ।

दोस्रो, २०५९ पछिको जटिल र प्रतिकूल राजनीतिक परिस्थिति । एकातर्फ राजा ज्ञानेन्द्रको निरङ्कुश र अधिनायकवादी शाही शासन थियो, अर्कोतिर माओवादीको हिंसात्मक युद्ध उत्कर्षमा थियो । राजा ज्ञानेन्द्रको शाही शासन र माओवादीको हिंसात्मक युद्ध दुवैले आक्रमण गरेका थिए - २०४६ को ऐतिहासिक जनआन्दोलनले पुनर्स्थापित गरेको प्रजातान्त्र, २०४७ को संविधान, जनताका अधिकार र मूलधारका राजनीतिक दलहरुलाई ।

अर्कोतिर तत्कालीन परिवेशमा हाम्रो पार्टी पनि विभाजित थियो । पार्टी-संगठन कमजोर भएको थियो । नेतृत्व पनि अलोकप्रिय भएको थियो । पार्टीका नेतादेखि सदस्यसम्ममा अहिले जस्तै व्याकुलता देखिन्थ्यो । त्यसैले राजनीतिक र सांगठनिक दुवै दृष्टिले परिस्थिति अत्यन्त प्रतिकूल थियो ।

तर त्यस्तो प्रतिकूल परिस्थितिमा नेतृत्वले पुनः आत्मसमीक्षा र आत्ममूल्यांकन गरी केवल पार्टीलाई पुनर्जीवन दिने दृष्टिले मात्रै होइन, नेपाललाई युगान्तकारी परिवर्तन गर्ने दूरदर्शीपूर्ण निर्णय र उपयुक्त नीति तथा रणनीति तय गर्न सफल भएको थियो। सात राजनीतिक दलका साथै सशस्त्र संघर्ष गरिरहेका माओवादीसँग समेत सहकार्य गरेर राजा ज्ञानेन्द्रको निरंकुशतन्त्रको अन्त्य गरी संविधान सभा मार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने नीति आदरणीय नेता गिरिजाप्रसाद कोइरालाले अख्तियार गर्नु भएको थियो। नेपाली कांग्रेसले अनुसरण गरेको नीति अनुसार नै २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन सफल भई मुलुकमा शान्ति र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सफल भएको गौरवमय ऐतिहासिक विरासत भएको पार्टी हो, नेपाली कांग्रेस।

यी समग्र ऐतिहासिक परिघटना र परिस्थितिको अध्ययन गर्दा त्यस्तो विशिष्ट र प्रतिकूल परिस्थितिमा पार्टी र नेतृत्वले पहिला, जनतामा जाने, कुरा सुन्ने र पारदर्शी संवाद गर्ने, निरन्तर सम्पर्क र सम्बन्ध विस्तार गरी तिनको विश्वास आर्जन गरेर आशा र भरोसाको सन्देश प्रवाह गर्ने गर्छ। त्यसपछि,पार्टीका आदर्श, सिद्धान्त र मूल्य-मान्यतालाई पूर्णरूपमा आत्मसात गरी नागरिकसँग  छलफल, अन्तरक्रिया र संवाद गर्दै उनीहरुका अपेक्षा, भावना र सुझाव समेत समायोजन गरेर समयानुकूल राजनीतिक, आर्थिक र सामाजिक एजेण्डा निर्माण गर्छ। र, तत्कालिन राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक तथा भूराजनीतिक परिस्थितिको वस्तुनिष्ठ विश्लेषण गरी उपयुक्त नीति-रणनीति अख्तियार गर्ने गर्छ।

अत: पार्टीको विगतको अनुभवले नै के देखाउँछ जब-जब लोकतन्त्र र पार्टी माथि संकट आउँछ, तब जनतामाझ जानैपर्छ, जनतासँग संवाद गर्नुपर्छ र जनताका कुरा सुन्नै पर्छ। गल्ती भए जनतासँग क्षमा माग्नु पर्छ र जनताबाट प्रेरणा, ऊर्जा र विश्वास आर्जन गरेर भविष्यको मार्गचित्र तय गर्नुपर्ने रहेछ। यो हामीले इतिहासबाट सिकेको शिक्षा हो र भविष्यमा पनि यस्ता ऐतिहासिक दृष्टान्तले हामीलाई मार्गनिर्देश गरिरहने छन्।

आज फेरि एकपटक हामीले आफ्ना मान्छे र प्रशंसकको होइन, जनताका कुरा सुन्नुपर्ने बेला आएको छ। समाज र समुदायतिर फर्केर तिनको कुरा सुन्ने र मनन बेला आएको छ। आज उनीहरू के भन्दैछन ?

यो परिवर्तनका लागि आह्वान गर्दा हामीले विगतमा जनतासमक्ष संकल्प गरेका थियौं - हामीले परिकल्पना गरेको लोकतान्त्रिक प्रणाली स्थापना भएपछि समुन्नत नेपाल निर्माण गर्नेछौं। नेपाली जनतालाई अधिकारसम्पन्न बनाउने छौं। जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी उनीहरूको जीवनमा मौलिकरूपमा रूपान्तरण हुनेछ। जनता स्वतन्त्र, सवल, सक्षम र स्वाभिमानी हुनेछन्। सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य एवं स्वदेशमै योग्यता अनुसारको रोजगारीको प्रत्याभूति गर्नेछौं। भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रत्याभूत गर्नेछौं। गरिब, निमुखा, सीमान्तीकृत र वञ्चितीकरणमा परेका नेपाली जनताले न्याय पाउने छन् ।

तर हामीले विगतमा संकल्प गरेका समुन्नति, आर्थिक विकास, सुशासन, भ्रष्टाचार नियन्त्रण, डेलिभरी, सेवा प्रवाह र शासकीय शैलीजस्ता हरेक विषयमा जनताले सरकार, राजनीतिक दल र हामीलाई पुन: सोधिरहेका छन्। जनताले भन्दैछन्- सुशासनको संकल्प गरिएको थियो, तर हामी कुसासन भोग्दैछौं। भ्रष्टचार नियन्त्रण गरी सदाचारयुक्त समाजको संकल्प गरिएको थियो, तर भष्टचारका एकपछि अर्का जघन्य अपराध र काण्डले  अन्तर्राष्ट्रिय जगतमा समेत नेपाल बदनाम भएको छ। सडकमा उत्रिँदा पनि न्याय पाइएको छैन। बेरोजगारी समस्या विकराल छ। भान्छा महंगो हुँदै गएको

छ। खल्ती खाली छ। जनतालाई सरकारको अनुभूति नै छैन। कसको समृद्धि, कस्तो समृद्धि ? भोटका लागि हामीसँग गरिएको वाचा के सपनाको व्यापार मात्रै हो कि पुरा हुने परिकल्पना हुन् ? यस्ता अनन्त प्रश्नहरु जनताले हामीसँग सोधिरहेका छन्।

तर हामी निरुत्तर छौं। हामीले जनतालाई चित्त बुझ्दो जवाफ दिन सकेका छैनौं। जनताको हामीप्रति आशा, विश्वास र भरोसा टुट्दै गइरहेको छ। न जनताले हामीलाई इमान्दार देखेका छन्, न हाम्रा नीति र नियतले तिनलाई ढुक्क पार्न सकेको छ। हामीबाट जनताले फेरि एकचोटि धोका पाएको महसुस गरिरहेका छन्।

हामीले यो कटु वास्तविकतालाई स्वीकार गर्नुपर्यो कि हामीले जे परिकल्पना गरेका थियौं र जनतासँग जे संकल्प गरेका थियौं, त्यो पूरा गर्न सकेनौं।

हो, नेपाली कांग्रेसको गौरवमय इतिहास छ। २००७ साल २०४६ साल र २०६२/०६३ सालमा नेपाली कांग्रेसको नेतृत्वमा भएका ऐतिहासिक जनआन्दोलनबाट युगान्तकारी राजनीतिक परिवर्तनहरु भए। निरंकुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली कांग्रेसकै नेतृत्वमा स्थापना भएको हो। नेपाली कांग्रेसकै नेतृत्वको सरकारले ऐतिहासिक संविधानसभाको निर्वाचन गरी संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी गरेको यथार्थलाई हामीले सगौरव स्मरण गर्नै पर्छ।

निश्चय नै, लोकतान्त्रिक संविधान निर्माण तथा नागरिकको स्वतन्त्रता, र जनअधिकार लगायत राजनीतिक दृष्टिले उल्लेखनीय उपलब्धि हासिल भएका छन्। तर नेपाली जनताको चाहना र भावना अनुसार समुन्नत नेपाल निर्माण गर्ने, आर्थिक-सामाजिक रुपान्तरण गरी समन्यायिक समाज स्थापना गर्ने, नेपाली समाजमा जरा गाडेको भ्रष्टचारको समूल अन्त्य गरी सुशासनको प्रत्याभूति गर्ने, नेपाली जनतालाई न्याय दिने, सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा अनि स्वदेशमै योग्यता अनुसारको मर्यादित रोजगारी सृजना गर्ने दृष्टिले हालसम्म उल्लेखनीय उपलब्धी हासिल गर्न सकेका छैनौं।

यो कठोर वास्तविकतालाई विनम्रतापूर्वक स्वीकार गर्नुपर्छ कि राज्य संचालन गर्ने क्रममा गौरव गर्ने कुरा कैयन् छन्, तर सँगैमा विगतमा जानेर वा नजानेर हामीबाट धैरै गल्ती र कमी-कमजोरी पनि भएका छन्। गौरवपूर्ण इतिहास स्मरण गर्दै नेपाली कांग्रेसले विगतका त्रुटीप्रति क्षमा मागेर हामीले स्थापित गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीबाटै सबै प्रकृतिका राजनीतिक, संवैधानिक, आर्थिक, सामाजिक, सांस्कृतिक विषय र समस्याहरूको सम्बोधन गर्नुपर्छ। यसका लागि पार्टीलाई एजेण्डाले मार्गनिर्देश गर्नुपर्छ। स्पष्ट एजेण्डा भयो भने मात्र पार्टीलाई गतिशील र जीवन्त वनाइराख्न सकिन्छ। पार्टीको एजेण्डा र ध्येयमै अलमल रहुन्जेल पार्टीले आफ्ना सदस्य र आम जनतालाई भावनात्मक रुपले आफूसँग जोड्न सक्दैन।

वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पार्टी स्थापना गर्दैगर्दा हाम्रा अग्रजहरुले 'प्रजातन्त्रको स्थापना' लाई यसको मूल एजेण्डा बनाउनु भयो। वि.सं. २००६ सालमा नेपाली कांग्रेस पार्टी बनाउँदै गर्दाको ध्येय थियो-"अभाव र गरिवीबाट नेपालीलाई मुक्त गरी आधुनिक सुखी र समृद्ध समाजको निर्माण गर्ने। राणा शासन अन्त्य गरी जनताले चाहेको उत्तरदायी प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गरेर त्यसमार्फत देशलाई अगाडि बढाउने।' विपि कोइरालाले पार्टीको ध्येयवारे

लेख्नुभएको थियो- "हामी जनतालाई सुख, समृद्धि दिन चाहन्छौं र यसका लागि प्रजातन्त्र भन्दा अर्को बाटो नभएकोले प्रजातन्त्र स्थापना गर्न चाहन्छौं।' पार्टी स्थापनाकाल र प्रतिबन्धित कालमा सदस्य थोरै थिए, सबै ठाँउमा पार्टीको संरचना थिएन, राजनीतिक वातावरण प्रतिकुल थियो, पद प्रतिष्ठाको कुनै निश्चितता थिएन, स्रोत साधनको सीमितता थियो तर पनि प्रजातन्त्र प्राप्तिको त्यो बृहत्तर मिसनले सबैलाई जोडेको थियो। नेपाली समाजमा सकारात्मक परिवर्तन ल्याउने र देशको शासनलाई जनमुखी बनाउने एउटै मिसनमा बाँधिएर जीवन बलिदान गर्ने अदम्य साहस र समर्पण अनि उच्चतम सेवाभाव र निष्काम कर्मका साथ संघर्ष गर्न सबैलाई उत्प्रेरित गरेको थियो। पार्टीसँग जोडिनुको अर्थ यसको मिसनलाई मात्र होइन दु:ख, संघर्ष र जोखिमलाई पनि त्यति नै साहस र समर्पणका साथ आत्मसात गर्नु हुन्थ्यो।

२०४६ सालमा पंचायती शासन व्यवस्थाको अन्त्य गरी प्रजातन्त्र पुनर्स्थापना गर्ने पार्टीको ध्येय रह्यो। २०६२/२०६३ सालमा माओवादीको हिंसात्मक राजनीतिको अन्त्य गर्दै शान्तिपूर्ण रुपान्तरण गर्ने, राजाको निरंकुशताको अन्त्य गर्दै संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने, नेपालको विविधता राज्य संयन्त्र र शक्तिमा प्रतिबिम्बित हुनेगरी राज्यको पुनर्संरचना गर्ने पार्टीको ध्येय रह्यो र त्यही एजेण्डाले सबैलाई प्रेरित र परिचालित गरिरह्यो।

अहिले पार्टीको ध्येय र एजेण्डा स्पष्ट नहुँदा पार्टी पंति ठुलो अलमलमा छ। यस सन्दर्भमा पार्टीको निर्वाचन संकल्पमा हाम्रो अबको ध्येय "समुन्नत नेपाल" का वारेमा चर्चा गरिसकेका छौं। पार्टी पंक्तिलाई यो एजेण्डामा गोलबद्ध गरेर अभिमुखीकरण गर्नुपर्ने छ। त्यसैले अबको एजेण्डा 'नयाँ संविधानमा उल्लेखित सबै उपलब्धिलाई जोगाएर संस्थागत गर्दै त्यसकै जगमा सुखी, खुशी र सम्मानित नेपाली भएको समुन्नत देश बनाउने अर्थात 'समुन्नत नेपाल: सम्मानित नेपाली' नै पार्टीको ध्येय र मूल एजेण्डा हुनुपर्दछ।

## अबको हाम्रो ध्येय: समुन्नत नेपाल, सम्मानित नेपाली

## समुन्नत नेपालको मार्गचित्र

पार्टी स्थापना गर्दा नेपाली कांग्रेसको प्रारम्भिक लक्ष्य तय गर्दै जननायक बी.पी. कोइरालाले लेख्नुभएको थियो: "हामी जनता जनार्दनको बलमा नेपालमा कोही पनि भोका, नाङ्गा वा अशिक्षित नरहून्; देशमा सडक, बाटोघाटो, अस्पताल लगायत जीवनलाई सुन्दर र सुखी बनाउने अरु कुनै कुराहरुको अभाव नरहोस्; त्यस्तो जनउत्तरदायी शासन व्यवस्था ल्याउने प्रयत्नमा छौं।" बी.पी. कोइरालाको यही कालजयी कल्पनाको गुणात्मक आधुनिक रुप नै नेपाली कांग्रेसको समुन्नत नेपालको अवधारणा हो। पुँजी संग्रह र आर्थिक वृद्धि विकासका महत्वपूर्ण साधन हुन्, तर विकासको साध्य भनेको नागरिकको स्वतन्त्रता र सक्षमताको विस्तार र सबलीकरण नै हो। समुन्नत नेपाल बी.पी.कोइरालाको त्यही समतामूलक समाज निर्माणको सिद्धान्त र परिकल्पनाको विस्तारित स्वरूप हो, थप व्याख्या हो। समुन्नति कोरा भौतिक विकास वा 'समृद्धि' को पर्यायवाची होइन। समुन्नत नेपालको मार्गचित्र र 'समृद्धि' को अवधारणामा आधारभूत रुपमै भिन्नता छ।

संविधान निर्माणको चरण सकिएपछि समृद्ध नेपाल अबको हाम्रो गन्तव्य हो भन्ने राजनीतिक भाष्य तथा कोरा विकासको मोडल बनाउन खोजिएको देखिन्छ। समृद्ध नेपालको त्यो अवधारणामा व्यापक भौतिक विकास, ठूलाठूला पूर्वाधारका संरचना, अग्ला भवन, भ्यू टावर, भीमकाय एयरपोर्ट र हिमालमा रेल चढाउने लगायतका सपनाको व्यापार गरिएको छ। त्यस्तो समृद्धिको आधार देशले धान्नै नसक्ने अत्यन्त खर्चिलो भौतिक विकास हो। त्यस्तो विकासले जनताको शीरमा ऋणको भारी बोकाउँछ; प्राकृतिक स्रोतहरुको अवैज्ञानिक दोहन गरेर भावी पुस्तालाई समेत जोखिममा पार्ने गरी पर्यावरणीय संकट निम्त्याउँछ। निश्चित ठाउँमा जनसंख्याको केन्द्रीकरण गर्दै लैजान्छ। सहरी र ग्रामीण, धनी र गरिब बीचको असमानताको खाडल अझ फराकिलो बनाएर द्वन्द्वको अवस्था सृजना गर्छ। समृद्धिको यस्तो परिकल्पनाले भौतिक पूर्वाधारलाई विकासको मानक बनाउँछ, तर त्यस्तो विकासको प्राथमिकतामा समग्र मानव विकास र नागरिकका उन्नतिका चाहनाहरू पर्दैनन्।

यस्तो समृद्धिले आवरणको सुखका कुरा गर्छ तर युगौंदेखि मानिसको उत्पीडनको कारक रहेको समाजमा व्याप्त संरचनागत हिंसा, विभेद र असमानतालाई उपेक्षा गर्छ। प्रचलित समृद्धिको भाष्यले सतहमा देखिने चम्किलो सम्पन्नताको वकालत गर्छ तर त्यहाँभित्र अन्तर्निहित विभेद, विपन्नता एवं आर्थिक असमानता बढाउँदै लैजान्छ। यस्तो समृद्धिका अभियन्ताहरूले चर्को स्वरमा देश र जनताको दुहाई दिने गरे पनि त्यही देश र जनताभित्र नैसर्गिक रुपमा रहेको विविधतालाई समृद्धिको मार्गको अवरोध ठान्छन् र त्यो विविधतालाई समाप्त पार्न हरदम उद्धत रहन्छन्। त्यसैगरी लोकतान्त्रिक संस्था र प्रणाली, मानव अधिकार, संविधान, नागरिक आन्दोलनजस्ता लोकतान्त्रिक मूल्य र मान्यताले बाधा पुऱ्याउने ठानेमा तिनलाई समेत निःसंकोच अतिक्रमण गरिदिन सक्छन्। संसारभरि आँधी जसरी आएको दक्षिणपंथी राजनीतिको उभारमा केही निश्चित वर्गमात्र लाभांवित हुने तर अधिकांश मानिस वञ्चितिकरणमा पर्ने यस्तै भौतिक पूर्वाधार केन्द्रित विकासको उल्लेखनीय भूमिका रहेको राष्ट्रिय अन्तराष्ट्रिय अभ्यासले पुष्टी भइसकेको छ।

समुन्नत नेपाल कुनै अमूर्त गन्तव्य नभएर जनताको सामुहिक प्रयत्न र सक्रिय सहभागितामा हुने राष्ट्र निर्माणको निरन्तर प्रक्रिया र अभियान हो । समुन्नत नेपालको केन्द्रमा केवल कोरा आर्थिक विकास र भौतिक संरचना मात्रै होइन, नेपाली जनताको समग्र मानव विकासको वृहद् अवधारणा अन्तर्निहित छ ।

समुन्नत नेपाल नागरिकलाई सबल, सक्षम र स्वतन्त्र बनाई देशलाई सम्पन्न बनाउने अवधारणा हो । त्यसैले यसको केन्द्रमा नागरिक छ, नागरिकका आकांक्षा र सपनाहरू छन् र नागरिकको व्यक्तित्वको आफ्नै विशिष्ट पहिचान अनि प्रतिभा र त्यसको प्रष्फुटनको वातावरण छ ।

समून्नत नेपालमा विकासका लागि भौतिक संरचनाहरू आवश्यक छन्, तर ती संरचनाहरू नागरिकका सपना र आवश्यकताको पूर्तिका लागि निर्माण गरिएका हुन्छन् । तिनको निर्माणमा नागरिकको सहभागिता र सृजनशीलता जोडिएको हुँदा तिनले विभेदको सृजना गर्दैनन् । विभेदको अवस्थाको अन्त्यसँगै लोकतन्त्रिक व्यवस्थामा स्वभाविक रुपमा सक्षम नेपाली नागरिकको सिर्जनात्मक भूमिका बढ्दै जानेछ । आफूलाई सक्षम बनाउने नागरिकको प्रयत्नलाई राज्यले प्रोत्साहित गर्नेहुँदा नागरिक अझ स्वावलम्बी, सम्पन्न र राष्ट्र निर्माणमा योगदान गर्न हरदम प्रेरित रहन्छ । त्यस्ता सक्षम र उद्यमशील नेपाली नागरिकको सामूहिक  प्रयत्नबाट मुलुकको सम्पन्नता वृद्धि हुँदै जानेछ; देश समुन्नत बन्नेछ, नागरिक सम्मानित हुनेछन् ।

'समुन्नत नेपाल'को राजनीतिक संकल्पका केही निश्चित मानकहरू हुनेछन । देशमा समुन्नति बढ्दै जाँदाः

- कुनै पनि व्यक्तिले वंश, जाति वा लिङ्गको आधारमा प्राप्त हुने विशेषाधिकारको अवस्थाको अन्त्य हुँदै जानेछ,
- जन्म भएको परिवार वा भूगोलको आधारमा नागरिकको भाग्य निर्धारण हुने अन्यायको अन्त्य नभई राष्ट्र निर्माणमा योगदान गर्न सक्ने सबल, सक्षम र स्वतन्त्र नागरिकको विकास पनि सम्भव छैन । त्यो विभेदपूर्ण अवस्थाको अन्त्य हुनेछ,
- राज्यले सबै नेपाली नागरिकको स्वतन्त्रताको विस्तारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जीविकोपार्जनका न्यूनतम आधारको प्रत्याभूति गर्दै जानेछ,
- सबल, स्वतन्त्र र सक्षम नागरिकका लागि राज्यले अनुकुल वातावरण वनाउनेछ र त्यो अनुकुलतामा प्रत्येक नागरिक व्यक्तिगत रुपमा सम्पन्न बन्नका लागि हरदम प्रयत्न गरिरहनेछ,
- सबल, स्वतन्त्र, सक्षम नेपाली नागरिकको सामूहिक प्रयत्नबाट निर्माण हुँदै गरेको सम्पन्न नेपालमा जातीय, भाषिक, क्षेत्रीय लगायतका विविधताको जोडबाट राष्ट्रियताको नयाँ भाव सृजना भई राष्ट्रियता सुदृढ हुनेछ,
- त्यस्ता सबल, स्वतन्त्र , सक्षम र सम्मानित नेपाली नागरिकको सामूहिक प्रयत्नका आधारमा निरन्तर बन्दै जाने समुन्नत नेपालले आधुनिक नेपाली परिचयको विकास गर्नेछ।

**नेपाली कांग्रेस पार्टीको 'समुन्नत नेपाल' को राजनीतिक लक्ष्य प्राप्त गर्ने सैद्धान्तिक आधार सामाजिक लोकतन्त्र हुनेछ।**

**सामाजिक लोकतन्त्र**

१. **राजनीतिक प्रणाली**: कुनै पनि लोकतान्त्रिक शासन व्यवस्थामा स्वतन्त्र तथा निष्पक्ष आवधिक निर्वाचन, बालिग मताधिकार, बहुदलीय प्रतिस्पर्धा, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता र नागरिक अधिकारको सुरक्षा पूर्वसर्त हुन। सामान्यत: लोकतन्त्रमा यी तत्व नै पर्याप्त हुन्छन् जस्तो लाग्छ। तर, निर्वाचनबाटै धमाधम चुनिएर आएका विश्वका केही जनउत्तेजक अनुदार सरकारहरूको आचरण र व्यवहारले के पुष्टी गर्छ भने आवधिक निर्वाचन मात्रले लोकतन्त्रलाई उदार र सबल बनाउँदैन। सामाजिक लोकतन्त्रले लोकतन्त्रका यी तत्वलाई आवश्यक शर्त मान्दछ तर पर्याप्त ठान्दैन।

- सामाजिक लोकतन्त्रले संवैधानिक उदारवादको मान्यतालाई अंगिकार गर्छ, जसमा विधिको शासन र शक्ति पृथकिकरण तथा सन्तुलनलाई सम्मान गर्दै, निर्वाचित सरकारहरूले संविधानले दिएको अधिकारभित्र सीमाबद्ध रही सक्षम र जवाफदेही राज्य-संस्था र संयन्त्रमार्फत नागरिकको वैयक्तिक स्वतन्त्रता सुनिश्चित र विस्तारित गर्छन्। उदार लोकतन्त्रको यो चरित्र र व्यवहार भएको सरकारले मात्र आफूमा रहेको स्वायत्तता, वैधता र वैधानिकताको न्यायोचित प्रयोग गर्दै लोकतान्त्रिक समाजभित्र स्वभाविक रुपमा रहने द्वन्द्वलाई निरुपण गर्ने सामर्थ्य राख्छ।

- सामाजिक लोकतन्त्रको केन्द्रमा नागरिकको स्वतन्त्रता हुन्छ। खासमा सामाजिक लोकतन्त्रको मुख्य उद्देश्य नै नागरिकको स्वतन्त्रताको विस्तार गर्दै मर्यादित जीवन बाँच्ने अवस्था र अवसर दिने हो। सामाजिक लोकतन्त्रले नागरिकलाई पाँच वर्षमा एक पटक भोट हाल्ने मेसिन जस्तो होइन, अपरिमित क्षमताको स्रोत ठान्ने हुँदा राष्ट्र निर्माणको प्रत्येक पहलमा नागरिकको सक्रियता र सहभागिताको अपेक्षा गर्दछ। हाम्रो प्रणालीमा अहिले त्यो व्यक्ति पाँच वर्षमा एकचोटि भोट हालेपछि नितान्त भूमिकाविहिन हुन्छ। आफ्नो सम्पूर्ण अधिकार कुनै एक प्रतिनिधिलाई सुम्पने फगत मतदातामा सीमित गरिएको त्यो व्यक्ति एक्लो, निष्क्रिय र कमजोर छ। सामाजिक लोकतन्त्रमा एउटा व्यक्ति सचेत नागरिकको रुपमा कानून बनाउनेदेखि त्यसको पालना गराउने प्रक्रियासम्म सक्रिय हुन्छ। उसलाई सबै लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउने र हस्तक्षेप गर्ने अधिकार र स्थान हुन्छ।

- शासनमा जनताको प्रत्यक्ष सहभागितालाई नबढाई लोकतन्त्रप्रति जनताको आकर्षण र स्नेहमा वृद्धि हुँदैन र जनस्नेहको अभावमा लोकतन्त्र दुर्बल र असुरक्षित हुन्छ। यो हामीले पटक पटक भोगेको सत्य हो। सामाजिक लोकतन्त्रमा हरेक व्यक्तिले आफ्नो जीवनलाई प्रभावित पार्ने महत्वपूर्ण विषयमा स्वतन्त्रतापूर्वक निर्णय लिन सक्छ र उत्तिकै महत्व र मर्यादाका साथ समुदायको प्रगतिमा सहभागी हुन सक्छ। जिम्मेबारीबोध भएको सक्रिय नागरिक यस्तो व्यवस्थाको प्राण हो, जसले लोकतन्त्रलाई स्वस्थ र पारदर्शी

बनाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।  शासनलाई यथासम्भव जनताको नजिक पुऱ्याउनु पर्छ, जुन हाम्रो सन्दर्भमा नगर, गाउँ, समुदाय हुन सक्छन्, ताकि सर्वसाधारणले दैनिक प्रशासनमा सोझो र प्रत्यक्ष सहभागिता जनाउन सकून् ।

- सामाजिक लोकतन्त्रको सबैभन्दा ठूलो आधार सुसूचित नागरिक हो । सक्रिय र सुसूचित नागरिकले लोकतन्त्रको सुदृढिकरणमा महत्वपूर्ण योगदान दिन्छ भने सुदृढ लोकतन्त्रले स्वावलम्बी नागरिकको निर्माणलाई सहज बनाउँछ । यसरी परिपुरक जस्तो भएर रहेको नागरिक र लोकतन्त्रको सम्बन्ध सामाजिक लोकतन्त्रका लागि अपरिहार्य हुन्छ ।

- सामाजिक लोकतन्त्रले राज्यका अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीचको शक्ति सन्तुलन र पृथकिकरणको विषयलाई त महत्व दिन्छ नै, संविधानले निर्माण गरेका राज्यका विभिन्न संस्थाहरूको स्वयात्तता, स्वतन्त्रता र कानूनको सीमाभित्र रहेर वहन गर्ने जिम्मेवारीको विषयलाई पनि उत्तिकै महत्व दिन्छ ।  सामाजिक लोकतन्त्रमा व्यक्तिको भूमिका जत्तिकै महत्वपूर्ण हुन्छ- संस्था । यी संस्थाहरुको सारभूत मूल्य लोकतन्त्र नहुने हो भने हाम्रो लोकतन्त्र फगत औपचारिक र कर्मकाण्ड जस्तो हुन्छ । ती संस्थाहरूले एकातर्फ स्वतन्त्र र स्वायत्त ढङ्गले काम गर्न पाउनुपर्छ भने अर्कोतर्फ कतै अधिकारको दुरुपयोग हुन्छ कि भनेर पनि उत्तिकै सचेत रहनुपर्छ । सामाजिक लोकतन्त्रमा कानूनले दिएको अधिकारको सीमाभित्र रहेर स्वायत्त र स्वतन्त्र ढङगले काम गर्ने सबल संस्थाहरूको अस्तित्व हुन्छ ।

- सामाजिक लोकतन्त्रमा विधिको शासन रहन्छ । विधिको शासनमा व्यक्ति जतिसुकै माथिल्लो पदमा होस्, ऊ कानूनभन्दा माथि रहँदैन । कानूनको दृष्टीमा सबै बराबर हुन्छन्  भन्ने मान्यता नै विधिको शासन हो । यसले सीमित सरकारको मान्यतालाई आत्मसात गर्दछ, जसमा सरकार कानूनको सीमामा बाँधिएको हुन्छ । सार्वजनिक संस्था, व्यक्तिको अधिकार कानूनद्वारा स्पष्ट गरी सीमा निर्धारण गरिएको हुन्छ । जतिसुकै बहुमत भए पनि लोकतन्त्रमा कानून निर्माण र कार्यान्वयनमा नागरिकका आधारभूत अधिकारको संरक्षण गरिन्छ, कानूनमा अपूर्णता छ भने त्यसलाई संकुचित होइन विस्तारित गरिन्छ । सार्वजनिक महत्वका कुनै काम गर्नैपरे त्यस कार्यले कसैको अधिकारमा असर नपुऱ्याउने र अतिक्रमण नहुनेगरी काम गर्ने कुरामा जोड दिन्छ । बहुमतको बलमा आफू अनुकूल कानून बनाउने र त्यही कानूनको आधारमा शासन गर्ने नाममा नागरिकका अधिकार कुन्ठित गर्न विधिको शासनले दिंदैन । विधिको शासनमा विधि निर्माणका निश्चित प्रक्रिया, सिद्धान्त र मापदण्ड छन्, त्यस अनुरुप बनेका कानूनको अधिनमा रही शासन संचालन हुन्छ  र कानून भन्दा माथि कोही पनि हुँदैन ।

- सामाजिक लोकतन्त्रले प्रणाली र राज्यका संस्था बलियो बनाउनुपर्छ भन्ने ठान्दछ ।  व्यक्तिको अहम् भूमिका रहन्छ नै तर संस्था, प्रणाली, विधि केही होइन एक व्यक्तिको चमत्कारबाट सबै संभव छ भन्ने कुरामा विश्वास गर्दैन । सबैको सहभागिता र सामुहिक प्रयत्नबाट मात्र राष्ट्र निर्माण सम्भव हुन्छ भन्ने मान्यता राख्दछ ।

लोकतन्त्रमा अतिवाद फष्टाउन नसक्ने हुँदा अतिवादको पहिलो प्रहार लोकतन्त्रमाथि नै हुन्छ। यसबाट बँच्ने एउटा मात्र उपाय भनेको  लोकतन्त्रलाई आफ्नो सुरक्षा आफैं गर्न सक्ने बनाउनु हो। लोकतन्त्रलाई आफ्नो सुरक्षा आफैं गर्न सक्ने गरी स्थायी, जनमुखी, समावेशी बनाउन  लोकतन्त्रले आफूभित्र अनेकन् विकल्पको खोजीलाई स्वभाविक प्रक्रियाको रुपमा ग्रहण गर्नुपर्छ र त्यस्तो खोजीलाई प्रोत्साहित गर्नुपर्छ। सामाजिक लोकतन्त्रमा यो लचकता रहन्छ र यस्तो लचकताले मात्र लोकतन्त्र झन् समावेशी, परिष्कृत र स्थायी हुँदै जान्छ।

२. **आर्थिक प्रणाली:** सामाजिक लोकतन्त्रले पुँजीवादी अर्थ व्यवस्थाको विकल्प खोज्दैन। यसले यही अर्थ व्यवस्थाबाट आफ्ना अपेक्षाहरू पुरा गर्न सम्भव छ भन्ने कुरामा विश्वास गर्छ। सामाजिक लोकतन्त्रले पुँजीवादी अर्थ व्यवस्थाले प्रदान गर्ने लाभहरुलाई अँगाल्दै यसका अवाञ्छनीय पक्षहरुलाई उचित नियमनका माध्यमबाट सम्बोधन गर्ने र पुँजीवादी  व्यवस्थाको अनेपक्षित परिणामबाट नागरिकहरुलाई सुरक्षित गर्न उपयुक्त सामाजिक नीतिहरुको उपयोग गर्ने व्यवस्थाको सृजना गर्छ।

- कुनै पनि अर्थ राजनीतिक व्यवस्था समस्यारहित नभएजस्तै पुँजीवादी अर्थ व्यवस्थामा समस्या छैन भन्ने होइन, नि:सन्देह थुप्रै समस्या छन्। तर त्यस्ता समस्याहरुको समाधान पनि छ। उपयुक्त नीतिगत हस्तक्षेप मार्फत आर्थिक तथा सामाजिक क्षेत्रमा न्याय, राज्यका  स्रोत तथा सेवाहरुमा सबै नागरिकहरुको समान पहुँच र अधिकारको सुनिश्चतता गर्ने नीतिगत व्यवस्था उदार लोकतन्त्र र पुँजीवादी अर्थव्यवस्थाको सम्मिश्रण रहेको सामाजिक लोकतन्त्रको फ्रेमवर्कमा सम्भव छ।

- नागरिकको क्षमता अभिवृद्धि र त्यसका लागि राज्यले शिक्षा, स्वास्थ्य आदिमा गर्ने लगानी नै यस्तो अर्थ व्यवस्था सफल बनाउने आधार स्तम्भ हो। शिक्षा, स्वास्थ्य, पोषण आदि आधारभूत क्षेत्रहरूमा प्रदान गरिने सेवामा सबै नागरिकको समान, सहज र सुलभ पहुँच हुने हुनाले सामाजिक अर्थ व्यवस्थामा हरेक नागरिकले भविष्यको जीविकोपार्जन र उन्नतिका लागि अरूजस्तै समान न्यूनतम आधार प्राप्त गर्छ। तसर्थ, सामाजिक लोकतान्त्रिक अर्थ व्यवस्थाले अन्य व्यवस्थाको तुलनामा नागरिकको क्षमताको विकास गरी सम्मानजनक र सहज रुपमा जीविकोपार्जनका अवसर प्रदान गर्छ। यस्तो व्यवस्थाले  सबै नागरिकलाई समान रुपमा पुँजीवादी अर्थ व्यवस्थामा सहभागि हुन चाहिने सक्षमताका लागि आवश्यक वातावरण वनाउनु राज्यको सर्वाधिक महत्वपूर्ण जिम्मेवारी हो भन्ने ठान्दछ।

- सामाजिक लोकतन्त्र वृद्धि र वितरणको सनातनी वहसबाट मुक्त छ। वृद्धि र वितरणमा कुन अघि कुन पछि भन्ने कुरा मान्दैन। सामाजिक लोकतन्त्रले वृद्धि र वितरण एक अर्काका विपरित होइनन् परिपूरक हुन् भन्ने ठान्दछ। वृद्धि  त हुनै पर्छ, तर वृद्धि सँगसँगै वितरणको लक्ष्य पहिल्यै तय हुनुपर्छ- यो न्यायपूर्ण वितरणको अवधारणासँग जोडिएको छ। अन्यथा केही व्यक्तिमा ठूलो मात्रमा सम्पत्ति केन्द्रित हुँदै जान्छ अथवा निजी क्षेत्र सरकारको लक्ष्यसँग तालमेल नमिलाई आत्मकेन्द्रित हुन सक्छ। आर्थिक वृद्धि र वितरणलाई सन्तुलित ढङ्गले सँगसँगै लिएर जान राज्यले उचित र आवश्यक नीतिगत हस्तक्षेप गर्नै पर्छ। न्यायपूर्ण वितरणको अवधारणाले व्यक्तिको आम्दानी मात्र होइन उसको पहिचान र स्वतन्त्रता, राष्ट्रिय जीवनका

विविध पक्षमा उसको सहभागिता र समग्र वृद्धिका लागि ऊ आफैं सक्षम हुन सक्ने बनाउँछ । उसको कल्याण मात्र हुँदैन सँगसँगै क्षमतामा पनि गुणात्मक वृद्धि हुन्छ । आर्थिक तथा सामाजिक क्षेत्रमा न्याय, राज्यका स्रोत तथा सेवाहरुमा सबै नागरिकहरुको समान पहुँच र अधिकारको सुनिश्चतता गर्ने नीतिगत व्यवस्था नै सामाजिक लोकतन्त्रमा अर्थ-राजनीतिक आधार हुनेछ ।

- सामाजिक लोकतन्त्रको केन्द्रमा एउटा स्वतन्त्र नागरिक हुन्छ । व्यवस्थाले उसभित्र रहेको अपरिमित क्षमता र सिर्जनशीलतालाई उपेक्षा गर्दा सामाजिक समृद्धि निर्माणमा आफ्नो कुनै भूमिका हुन सक्छ भन्नेमा नै ऊ अनभिज्ञ हुन्छ । उसका सारा क्षमता र प्रतिभाको प्रस्फुटननै समुन्नतिको आधार हो । सामाजिक लोकतन्त्रले व्यक्तिलाई आफ्नो आगाडि आइपरेका उन्नतीका अवसरहरुलाई सदुपयोग गर्न सचेत प्रयास गर्न उत्प्रेरित गर्छ । वास्तवमा यस्तो प्रयास गरिरहेको व्यक्ति नै आर्थिक विकासको चालक हो । जब नागरिक समान, सम्मानित र आत्मगौरव महसुस गर्छ, आफूप्रतिको उसको विश्वास बढ्छ र ऊ अझ बढी योगदान दिन उत्साहित हुन्छ । त्यसो हुनु भनेको आर्थिक वृद्धिको सामाजिक आधार झन् झन् फराकिलो हुँदै जानु हो ।

- पुँजीवादी अर्थतन्त्रमा विपन्न र निम्न-मध्यम वर्गीय परिवारको श्रमले सिर्जना गरेको अतिरिक्त लाभको अधिक हिस्सा उच्च वर्गले वढि प्राप्त गर्ने अबस्था बन्छ, सामाजिक लोकतन्त्रमा प्रभावकारी कर र सार्वजनिक खर्चका नीतिहरू मार्फत पुँजीवादी अर्थतन्त्रमा त्यसरी सिर्जना भएको लाभ र अवसरको न्यायपूर्ण वितरणलाई सुनिश्चित गरिन्छ ।

- आर्थिक शक्ति अनुरूप नै राजनीतिक शक्तिको वितरण हुने देखिएको हुँदा सबै वर्ग, जाति र क्षेत्रलाई समान आर्थिक वृद्धिको अवसर प्रदान गर्नु सामाजिक लोकतन्त्रका आर्थिक कार्यक्रमको मुख्य उद्देश्य हुन्छ । काम गर्ने, सृजना गर्ने र व्यवसायिकताको विकास गर्ने सही वातावरण पाएको नागरिकले मात्र आर्थिक विकासमा गहकिलो योगदान दिन सक्छ भन्ने सामाजिक लोकतन्त्रको मान्यता हो ।

- सामाजिक लोकतन्त्र बजार कि सरकार भन्ने बहसबाट पनि मुक्त हुन्छ । विश्वभरिनै न बजारले कुशलतापूर्वक सबै नियन्त्रण र सञ्चालन गर्छ भन्ने न्यूनतम सरकारवादी अवधारणाले चमत्कार गरेको देखियो, न त राज्यको अत्याधिक नियन्त्रणमा रहेको केन्द्रिकृत अर्थ व्यवस्थाले नै दावी गरेझैं शोषणरहित समाजको स्थापना गर्न सक्यो । आजको युगमा आर्थिक वृद्धिको केन्द्रमा बजार नै रहने कुरा निर्विवादित जस्तै छ । तर यस्तो बजार स्वनिर्मित, स्वचालित, स्वनियन्त्रित र आफैं स्थिर भने हुँदैन । त्यसैगरी ‘खेल्ने मैदान र खेलको नियम’ मा एकरुपता ल्याउन तथा बजारले पूर्ति गर्न नसक्ने वा पूर्ति गर्न नचाहने सार्वजनिक सेवा तथा वस्तुहरू प्रवाह गर्न राज्यको गतिलो उपस्थिति नहुने हो भने अन्य क्षेत्रमा पनि बजारले काम गर्न नसक्ने रहेछ । कतिपय क्षेत्रमा फेरि राज्यको जब्बर उपस्थितले बजार काम गर्न नसक्नेगरी थला पर्ने रहेछ । कतिपय क्षेत्रहरु यस्ता छन् जहाँ बजार र सरकार भन्दा पनि परम्परागत रूपमा समुदायले प्रयोग गर्दै आएका कार्यविधि नै उत्कृष्ट उपयोगको कार्यविधि सावित भएका छन् । त्यसैले बजारको अर्थ व्यवस्थाको सफलता सरकार बजार र समुदायबीचको उपयुक्त सन्तुलनमा आधारित हुन्छ । त्यस्तो सन्तुलन देश, सन्दर्भ, समय,

आर्थिक क्षेत्र र मुद्दा अनुसार फरक हुन्छ। आफ्नै अनुभव, आवश्यकता र अवस्था अनुसार विवेकपूर्ण निर्णय गरेर त्यस्तो सन्तुलन खोज्नसक्नु पर्छ भन्ने मान्दछ।

- त्यस्तै समाजका सबैभन्दा विपन्न, शोषित र उत्पीडित महिला, दलित, जाति र क्षेत्रको साधन र स्रोतमाथिको पहूँचलाई बढाएर तिनलाई समान र स्वावलम्बी बनाउनु यो आर्थिक कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष हो। सामाजिक लोकतन्त्रका आर्थिक कार्यक्रमका माध्यमबाट आय, सम्पत्ति, शक्ति र अवसरका कारण समाजमा जरा गाडेको गहिरो असमानतालाई हटाउन सम्भव र अपरिहार्य छ।

३. **वैयक्तिक स्वतन्त्रता र समानता:** सामाजिक लोकतन्त्रमा व्यक्तिको स्वतन्त्रता केन्द्रविन्दुमा हुन्छ। व्यक्तिले राजनीतिक, आर्थिक, धार्मिक-सांस्कृतिक स्वतन्त्रता पाएको हुन्छ। व्यक्तिको स्वतन्त्रताका सन्दर्भमा एउटा उसको छनोटको विषय हुन्छ अर्को उसको पृष्ठभूमि र परिस्थिति। छनोट व्यक्तिको निजी कुरा हो, उसको चाहनाको कुरा हो। व्यक्तिको छनोटको फरकपनले जीवनको परिणाममा असर गर्छ, त्यो स्वभाविक छ। तर व्यक्तिको पृष्ठभूमि र परिस्थिति व्यक्तिको छनोटको कुरा होइन। परिस्थिति ठिक नभएसम्म ऊ व्यक्तिगत स्वतन्त्रता समेत उपभोग गर्नबाट कुन्ठित हुन्छ। सामाजिक लोकतन्त्रमा राज्यले त्यो परिस्थिति ठिक बनाउन खोज्छ र त्यसमार्फत संवैधानिक रुपमा प्रत्याभूत गरिएको वैयक्तिक स्वतन्त्रताको उच्चतम विस्तार र सृजनात्मक प्रयोग हुन्छ। परिस्थितिजन्य कारणले व्यक्तिको स्वतन्त्रता उपभोगमा प्रभाव पारिरहेका हुन्छन्। उदाहरणका लागि एकातर्फ जातीय, लैङ्गिक, भाषिक र भौगोलिक आधारमा हुने असमानता, असमान व्यवहार, परम्परा र सोका कारणबाट हुने हिंसाले व्यक्तिको स्वतन्त्र उन्नयनलाई कुण्ठित पारेको छ। अर्कोतर्फ व्यक्तिको विकासमा आधारभूत महत्व राख्ने शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता कुराहरुको असमान पहुँचले पनि वैयक्तिक स्वतन्त्रताको सीमा निर्धारण गरेको छ।

अत: परिस्थितिजन्य राजनीतिक र सामाजिक अवरोधलाई न्युनिकरण गर्न सारवान् समानता आवश्यक छ र राज्यको चरित्र समावेशी हुनुपर्दछ।

- **सारवान समानता:** सामाजिक लोकतन्त्रले परिकल्पना गरेको समानता औपचारिक होइन सारवान् समानता हो। कानूनको समान संरक्षणको सैद्धान्तिक जगमा मात्रै सारवान् समानता सम्भव भएकाले यसका लागि संवैधानिक र कानूनी व्यवस्था रहन्छ। सामाजिक लोकतन्त्रको चेष्टा यो वैधानिकतालाई वैधता दिलाउने तर्फ केन्द्रित हुनेछ। वैधानिकतामा बाध्यताको भाव रहन्छ भने वैधतामा स्वाभाविक समर्थनको। सामाजिक लोकतन्त्रमा संविधान र कानूनले व्यवस्था गरे अनुसारको वैधानिकताको पालना त गरिन्छ नै, तर सँगसँगै यस्तो वातावरण बनाउँदै जानु पर्छ कि प्रत्येक नागरिक वा समुदायले संविधानले तोकेको दायित्वलाई नैतिक जिम्मेवारी ठानेर पालना गर्दै वैधता दिन्छन्। आफ्नो अधिकारको उपभोग गर्दा अर्काको अधिकार हनन वा कुण्ठित हुन नदिन सचेत हुन्छन्। वैधानिक र वैध दुवै हस्तक्षेपले समाजलाई निरन्तर न्यायपूर्ण र समतामूलक बनाउन, पछाडि परेकालाई अगाडि ल्याउन काम गरिनै रहने छ।

- **समावेशीता:** सामाजिक लोकतन्त्रले सामवेशीताको विषयलाई राजनीतिक अधिकारका रुपले मात्र हेर्दैन । जन्मसंगै व्यक्ति कुनै परिवार, भुगोल, जात, धर्म, समुदाय आदि पृष्ठभूमिसंग जोडिन्छ र त्यस पृष्ठभुमिका कारणले उसको परिस्थितिको निर्धारण गरेको हुन्छ । व्यक्तिको पृष्ठभुमि र त्यसले निर्धारण गरेको परिस्थिति उसको छनोटको विषय नभएको हुँदा उसले चाहेर सजिलै वदल्न सक्दैन । यदी यो कुनै पनि समुह कुनै अधिकारबाट बञ्चित भयो भने त्यो समुह, समुदायको व्यक्तिको वैयक्तिक अधिकार पनि कुण्ठित हुन्छ । सामाजिक लोकतन्त्रले यो परिस्थिति वदल्नका निम्ति व्यक्तिको स्वतन्त्रतासंगै सामुहिक अधिकार, समुदायकको अधिकार र समावेशीता आवश्यकता पर्दछ भन्ने ठान्दछ । सामुहिक अधिकार र समावेशीता भएन भने अन्तत: व्यक्तिले कानूनी रुपमा प्राप्त वैयक्तिक स्वतन्त्रताको उपभोगमा समेत वञ्चित हुन्छ । सामाजिक लोकतन्त्रले व्यवस्थाको प्रतिफललाई साँच्चै नै जनतासम्म पुऱ्याउन र वास्तविक जनमुखी बनाउन त्यसलाई अझै समावेशी बनाई जीवन पद्धतिकै रुपमा समाजमा स्थापित गर्छ । सामाजिक लोकतन्त्रले यी सबैलाई अट्ने छहारी दिनेछ तथा यिनको पहिचान र उत्थानका निमित्त काम गर्ने छ ।

यसरी, सामाजिक लोकतन्त्रले व्यक्तिको छनोटलाई निजी विषय त मान्छ, तर उसको परिस्थिति र पृष्ठभूमिलाई निरन्तर बदल्नुपर्छ भन्ने ठान्दछ। तब मात्र व्यक्तिको स्वतन्त्रता र समानताको सम्पूर्ण प्रत्याभूति हुन सक्छ ।

४. **सबल र सक्षम नागरिक:** सामाजिक लोकतन्त्रमा व्यक्ति सँधै केन्द्रमा हुन्छ । सामाजिक लोकतन्त्रले व्यक्तिसँग असिमित क्षमता छ भन्ने मान्दछ, त्यसलाई पहिचान गर्छ र व्यक्तिले आफूमा अन्तर्निहित त्यो अपरिमित क्षमतालाई आफ्नो र समाजको प्रगतिमा उत्कृष्ट ढंगले प्रयोग गर्न सक्षम बनाउने वातावरण सरकारले बनाउने हो भन्ने मान्दछ । यो दृष्टिकोणबाट सञ्चालित शासनमा मात्र नागरिक र नागरिकता प्रभावकारी हुन्छ । सबै राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारको उच्चतम प्रयोग गर्न सक्ने सबल र सक्षम नागरिकबाट मात्र परिवार, समाज र समग्र राष्ट्रको विकास र निर्माण सम्भव हुन्छ । त्यसैले सामाजिक लोकतन्त्रको मुख्य दर्शन नै सबल र सक्षम नागरिकको निर्माण हो ।

- सामाजिक लोकतन्त्रले शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षाको प्रत्याभूति तथा विभिन्न प्रकारका विभेद र हिंसाबाट मुक्तिलाई 'लोक कल्याणकारी' जिम्मेवारीभन्दा पनि नागरिकमाथि उसको व्यक्तिगत सृजनशीलताको उच्चतम उपयोग गर्ने क्षमता वृद्धिका लागि गरिने 'लगानी' को रुपमा हेर्दछ । नागरिकको क्षमतामा वृद्धिले राष्ट्र निर्माणमा उत्प्रेरकको काम गर्छ; सर्वतोमुखी उन्नतिको मार्ग प्रशस्त गर्दछ । उदाहरणका लागि शिक्षालाई हेरौं । शिक्षा मौलिक हक हो तर सामाजिक लोकतन्त्रले शिक्षालाई मौलिक हकको दृष्टिबाट मात्र हेर्दैन । अशिक्षाको आर्थिक, सामाजिक मूल्य पनि हेर्छ । शिक्षाले नागरिकलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ र लोकतन्त्रिक व्यवस्थाले परिकल्पना गरेको जस्तो नागरिकको निर्माण गर्छ ।

- सामाजिक लोकतन्त्रले जातीय वा लैङ्गिक विभेदको विषयमा पनि राज्यले त्यस्तो विभेदको कारण समाज र राष्ट्रले बेहोर्ने सामाजिक, आर्थिक तथा राजनीतिक हानी नोक्सानीलाई आकलन गर्छ । मौलिक हकको

कार्यान्वयन संवैधानिक जिम्मेवारी अवश्य हो, तर सामाजिक लोकतन्त्रको खाकामा त्यस्तो मौलिक हकको कार्यान्वयनको जिम्मेवारी सबल र सक्षम नागरिकको निर्माणमा केन्द्रित हुन्छ ।

- सामाजिक लोकतन्त्रिक संरचनाले आजीवन क्षमता अभिवृद्धिको संवैधानिक सुनिश्चिता गर्दछ । यसका लागि राज्यको निरन्तर प्रयास रहन्छ । राज्यले यस्तो वातावरण निर्माण गर्न सक्नुपर्छ, जस अनुसार प्रत्येक व्यक्तिले आफू सम्पन्न हुने प्रयत्न गरोस्, त्यस्तो प्रयत्नलाई राज्यले उत्प्रेरित गरोस् र अन्ततः ऊ आफ्नो समाज र राज्यको उन्नतिमा योगदान गर्न सक्षम होस् । यसरी उसको योगदानबाट प्राप्त स्रोत राज्यले पुनः आफ्नो नागरिकको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा सुदृढ गर्न लगानी गर्छ । त्यसैले राज्यले सामाजिक तथा कल्याणकारी नीतिहरुमार्फत परिचालन गर्ने स्रोत उदार लोकतन्त्रिक  अर्थ व्यवस्थाका लागि विवेकपूर्ण लगानी हो ।

- सामाजिक लोकतन्त्रले नागरिकले राजनीतिक अधिकार उपयोग गर्ने कुराको सुनिश्चिता खोज्छ । वैयक्तिक स्वतन्त्रतालाई केन्द्रमा राखेर उदार लोकतन्त्र र पुँजीवादी  अर्थव्यवस्थालाई नियाल्ने हो भने यी बिचको सम्बन्ध फेरी पनि अन्योन्याश्रित नै देखिन्छ । पुँजीवादी अर्थव्यवस्थाले व्यक्तिगत सम्पत्ति, व्यवसायको अधिकारजस्ता आर्थिक अधिकारहरुलाई आफ्नो आधारशिलाको रुपमा प्रयोग गर्छ । अर्कोतिर उदार लोकतन्त्रले लोकतान्त्रिक व्यवस्थाको आधारशिलाको रुपमा एक सक्षम र सबल नागरिकलाई पूर्व शर्तको रुपमा लिएको हुन्छ । यसलाई बुझ्न कुनै पनि राजनीतिक अधिकारलाई हेरौं- जस्तो अभिव्यक्तिको स्वतन्त्रता । उदार लोकतन्त्रमा नागरिकको अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिएको हुन्छ । भन्नुको अर्थ लोकतन्त्रमा नागरिकहरू सत्ता र शक्तिको विरुद्धमा बोल्छन् र त्यसरी बिरोधमा बोल्न र प्रश्न गर्न आवश्यक रहेकाले नै त्यस्तो अधिकारलाई संवैधानिक रुपमा सुरक्षित गरिएको हो ।

- सामाजिक लोकतन्त्रले उचित शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, पोषण आदि प्राप्त गरेको नागरिकले मात्र संवैधानिक रुपमा सुरक्षित गरिएको अधिकारको प्रयोग गर्न सक्छ भन्ने ठान्दछ । प्रश्न आउला के सत्तालाई प्रश्न वा आलोचना गर्न सक्ने नागरिक लोकतन्त्रमा त्यस्तो महत्वपूर्ण छ ? अवश्य छ, किनकि त्यस्तो नगारिक नहुने हो भने सत्ताको निरङ्कुश बन्ने प्रवृत्तिले लोकतन्त्रको भविष्यलाई नै जोखिममा पारिदिन सक्छ । उदार लोकतन्त्रमा संवैधानिक रुपमा सुरक्षित गरिएका, विशेषगरी, राजनीतिक अधिकारहरुले अन्ततोगत्वा लोकतन्त्र कै सुरक्षा गर्ने हो । त्यसैले त्यस्ता अधिकारको निसङ्कोच र निर्भीक उपयोग गर्ने नागरिकको निर्माण गर्ने दायित्व पनि लोकतान्त्रिक राज्य व्यवस्थाको हो ।

यसरी सामाजिक लोकतन्त्रले नागरिकलाई सबल, स्वतन्त्र र सक्षम बनाउनका लागि निरन्तर प्रयत्न गर्छ र त्यो स्वतन्त्र, सबल र सम्मानित नागरिकको सामुहिक प्रयासबाट राष्ट्र समुन्नत हुन्छ ।

५. **विकासको परिभाषा :**

- **भौतिक विकास:** सामाजिक लोकतन्त्रले भौतिक विकास र भौतिक संरचनाहरू आवश्यक ठान्दछ तर त्यो विकासको केन्द्रमा नागरिक रहन्छन् । ती संरचनाहरू नागरिकका सपनाहरूको पूर्तिका लागि निर्माण गरिएका हुन्छन् । तिनको निर्माणमा नागरिकको सहभागिता र सृजनशीलता जोडिएको हुँदा तिनले विभेदको सृजना गर्दैनन् । विभेदको अवस्थाको अन्त्यसँगै लोकतन्त्रिक व्यवस्थामा स्वभाविक रुपमा सक्षम नेपाली नागरिकको सिर्जनात्मक भूमिका बढ्दै जान्छ । उदाहरणका लागि विकासलाई ठूला र चिल्ला सडक, भिमकाय रेलमार्ग र विमास्थल वा गगनचुम्बी भवन आदिको आधारमा बुझ्दा त्यसलाई नै सम्पन्नताको मानक मान्ने प्रचलन छ । तर सामाजिक लोकतन्त्रले भन्छ- सडक नितान्त आवश्यक छ तर सडक किन, कसका लागि र कुन प्रयोजनका लागि हो भन्ने विषय समेटिनु पर्छ । जस्तो, सडक निर्माण गर्दा नि:सन्देह सवारी गुड्नका लागि नै बनाइन्छ, तर संगसंगै सडक बनाउदैगर्दा के सोच्नुपर्छ भने सडकको प्रयोजन व्यक्तिको आवागमनलाई सहज र सुलभ बनाउनका लागि हो, सडक पैदल हिड्ने मान्छेका लागि पनि हो र त्यो भन्दा पनि वढि त्यो सडक अपाङ्गता भएका, जेष्ठ नागरिकका लागि प्राथमिकतामा राखेर वनाउने हो ।

  **सामाजिक विकास:** सामाजिक लोकतन्त्रले समाजमा विद्यमान सामाजिक विभेद, लैंगिक हिंसा, जातीय छुवाछुत लगायतका विकृतिलाई संवैधानीक,कानूनी रुपमा दण्डनीय गरेको हुन्छ र नैतिक रुपमा मेत वर्जित हुन्छ । यसले समाजमा महिलामाथि हुने हिंसा, छुवाछुत लगायतका विभेदको न्युनिकरण र अन्त्यलाई विकासको एउटा मानक मान्दछ । कानूनी रुपमा कुनै अपुग छ भने कानून बनाउँछ वा परिमार्जन हुन्छ, कानूनलाई कार्यान्वयन गर्छ । सामाजिक लोकतन्त्रमा देश समुन्नतीतर्फ बढ्दै जाँदा यस्ताखाले विभेद र हिंसा घट्दै र हट्दै जानेछन ।

  त्यस्तै, सामाजिक लोकतन्त्रमा विकासको अर्को महत्वपूर्ण विषय भनेको सामाजिक पूर्वधारको विषय नै हो । सामाजिक लोकतन्त्रले गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र नागरिकको समग्र क्षमता र सृजनशीलतालाई उत्प्रेरित गर्ने सामाजिक पूर्वाधारको विकास राज्यको संवैधानिक, कानूनी र नैतिक दायित्व हो भन्ने ठान्दछ । सामाजिक पुर्वाधारका विषय अलग गरेर गरिने भौतिक विकास मात्र विकास हो भन्ने कुरा सामाजिक लोकतन्त्रले मान्दैन ।

- **विकास र वातावरण:** प्रकृतिको असिमित दोहन गरेर गरिने विकास विकास नै होइन । विकास र वातावरणबीचको सन्तुलन हुनुपर्दछ । पर्यावरणको संरक्षणले मात्र मानिसको आर्थिक सुनिश्चितता, खुशी र सुखको अभिवृद्धि हुने विश्वभरि भौतिक विकासको अनुभवले समेत प्रमाणित गरिसकेको छ । त्यसैले सामाजिक लोकतन्त्रमा विकास र पर्यावरण सँगै हेरिन्छ । सामाजिक लोकतन्त्रमा भौतिक विकास गर्दा वातावरणको संरक्षण केन्द्रमा रहन्छ । साथै  जलवायु परिवर्तन वातावरणीय सन्तुलनलाई मध्येनजर गरी जलवायु परिवर्तनको मुद्दालाई गम्भीरताका साथ लिनेछ ।

- **कला, संस्कृति र सम्पदा**: सामाजिक लोकतन्त्रमा भौतिक संरचना र सामाजिक पूर्वाधार र पर्यावरण बाहेक विकासमा कला, संस्कृति र सम्पदा जोडिएको हुन्छ। राष्ट्र भनेको कला, सहित्य, संगीत, सँस्कृति, इतिहास आदिको समष्टि पनि हो। त्यसको संरक्षण विकाससंग अभिन्न ढङ्गले जोडिन्छ। सवै कुरा मासेर भएपनि विकास गर्नुपर्छ भन्ने अवधारणा गलत छ। संस्कृति, सम्पदा, कला र इतिहास मासेर गरिने विकास विकास हुँदैन।

- **नागरिक विकासको निर्माता:** राष्ट्र निर्माणको अर्थमा नागरिक विकासको उपभोक्ता होइन, विकासको निर्माता हो, विकासको सम्बाहक हो। हाम्रो अहिलेसम्मको राजनीतिले सरकारलाई विकासको गतिशील सर्जक र नागरिकलाई विकासको निष्क्रिय उपभोक्ताको रुपमा व्यवहार गरेको छ। सामाजिक लोकतन्त्रले यस विरोधाभासपूर्ण व्यवहारलाई परिवर्तन गर्छ।

सामाजिक लोकतन्त्रले सापेक्षिक रुपमा शान्तिपूर्ण राजनीतिक,आर्थिक र साँस्कृतिक अवस्थाको सुनिश्चितता गर्छ, जुन मानव समाज र जीवनको उद्देश्य पनि हो र साथसाथै आर्थिक विकास, रोजगारी र आय वृद्धिको माध्यम पनि हो। यसले हिंसा कम गर्न र नागरिकलाई आत्मसम्मान प्रदान गर्न सहयोग गर्छ। सामाजिक लोकतन्त्रमा जब विभेद कम हुन्छ, हिंसा कम हुन्छ, व्यक्तिको आत्मसम्मान र प्रतिष्ठा बढ्छ तब मात्र विकास भएको मानिन्छ। यसले सापेक्षिक रुपमा स्थायित्वसहितको भविष्यको सुनिश्चितता हुन्छ, जहाँ व्यक्ति तथा समूहले तागतवार शक्तिहरूको दवाब र प्रभावबिना उज्यालो भविष्यको योजना बनाउन सक्छन्, त्यसको लागि हरदम प्रयत्नशील रहन्छन्। त्यही भएर नै सामाजिक लोकतन्त्रले व्यक्ति र समुदायको आत्मनियन्त्रण र स्वप्रयत्नलाई प्रोत्साहन गर्छ।

६. **देशप्रेम र राष्ट्रियता**: सामाजिक लोकतन्त्रले देश प्रेमलाई राष्ट्र निर्माणको सवैभन्दा सकारात्मक शक्तिका रुपमा लिन्छ। वीपी कोइरालाले राष्ट्रियताको बारेमा भन्नु भएको छ, ‘समय-समयमा प्रकट हुने व्यापक समस्यालाई सामूहिक रूपमा समाधान गर्नु पर्दा सहजै उपन्न हुने एकताको जनभावना नै राष्ट्रियता हो।’ अर्थात् ‘जनता, जनताको अगाडि उपस्थित समस्या, त्यस समस्यालाई सबैले मिलेर समाधान गर्ने सामूहिक प्रयत्न, र त्यस प्रयत्नमा अनुभव भएको एकताको भावना नै राष्ट्रियताका तत्व हुन्।’ ‘पहिचानको विविधता देशको नैसर्गीक अवस्था हो र विविधताभित्र नै राष्ट्रिय एकता प्रतिविम्बित छ’। देशका सबै मौलिक पहिचानहरुको समान महत्व र स्थान छ र ती सबै एकै ठाउँमा रमाउँदा मात्र राष्ट्र निर्माण हुन्छ।

- सामाजिक लोकतन्त्रले प्रत्येकको आ-आफ्नो भाषा छ, संस्कृति छ, पहिचान छ, प्रतिष्ठा छ भन्ने ठान्दछ। सामाजिक लोकतन्त्रमा प्रत्येकले आफ्नो संस्कृतिप्रति गौरव गर्छ, अरुको पहिचान र संस्कृतिको सम्मान गर्छ। ठूलो सानोको भाव राख्दैन। देशको प्रतिष्ठा बढाउनका लागि सधै प्रयत्नशील रहन्छ। प्रत्येक नागरिकले आ-आफ्ना विविध मौलिक संस्कृति, सृजना, सनातन परम्परा आदिको संरक्षण, सम्बर्द्धन र सम्मान गरी समाजले स्वत: विविधतालाई देशको नैसर्गिक अवस्थाको रुपमा स्वीकार मात्र होइन त्यसमाथि गर्व गर्ने वातावरणको सृजना गर्छ।

- आफ्नो देशभित्र अनेकन विविधता रहेको जस्तै विभिन्न देशमा विभिन्न भाषा भाषा संस्कृति धर्म हुन्छन, कुनै ठुलो सानो हुँदैन, सवैको आफ्नो ठाँउ छ भन्ने ठान्दछ र सवैको सम्मान गर्दछ। ति देश र तिनको नागरिक बाट पनि त्यही भावको अपेक्षा राख्छ । यसले नागरिक स्वतन्त्रतालाई विस्तार गर्छ, आत्मसम्मान र देशप्रेम जगाउँछ, जसले राष्ट्रियतालाई जगेर्ना गर्न र बलियो बनाउन मद्दत पुऱ्याउँछ ।

७. **सार्वभौमिक समानता:** सामाजिक लोकतन्त्रले सार्वभौमिक समानतालाई विदेश नीतिको मार्गनिर्देशक सिद्धान्त मान्दछ र  सार्वभौमिक 'रेसिप्रोसिटी' को कसीमा परिपक्व तवरले अन्तराष्ट्रिय सम्बन्धलाई अघि बढाउनुपर्छ भन्ने ठान्दछ ।

- सार्वभौमिकताका दृष्टिले सबै देशहरू समान हुने भएकाले सार्वभौमिक समानताको सिद्धान्त (Principle of Sovereign Equality) को आधारमा देशले आफ्नो अन्तराष्ट्रिय सम्बन्ध र विदेश नीति अबलम्वन गर्दछ ।

- देशले परम्परागत बहुआयामिक राजनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, व्यापारिक सम्बन्धलाई अझ आत्मीय, घनिष्ट र प्रगाढ बनाउँदै देशहरूबीच पारस्परिक हित र समान लाभ तथा सम्मानका आधारमा देशको आर्थिक विकासबाट अधिकतम लाभ हासिल गर्ने नीतिलाई विशेष प्राथमिकता दिन्छ ।

- देशले समुन्नति र आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्धलाई थप विविधिकरण गर्दै बृहत्तर अन्तर्राष्ट्रिय समुदायसँग अझै आत्मीय र घनिष्ट बनाउन आवश्यक ठान्छ । अन्तर्राष्ट्रिय सीमा-बन्धनको सम्मान गर्दै व्यापार र पर्यटनको सहजीकरण, बाह्य लगानी र उत्पादन संजालहरुमा जोडिने पहल, एवं जलवायु, महामारी,आप्रवास, यातायात र ऊर्जा पूर्वाधार, आर्थिक नीतिगत समन्वयजस्ता विषयमा देशले क्षेत्रीय सहकार्य मात्र होइन नेतृत्वदायी भूमिका लिनुपर्छ भन्ने मान्छ ।

- सामाजिक लोकतन्त्रमा "वसुधैव कुटुम्बकम्" को मान्यता अनुसार विश्व शान्ति, बन्धुत्व, भ्रातृत्व र सम्मानमा आधारित सहकार्यलाई उत्प्रेरित गर्छ र आफ्नो अन्तराष्ट्रिय उपस्थितिलाई सार्वभौमिक समानताको आधारमा बलियो र सार्थक बनाउँने बाटोतर्फ परराष्ट्र सम्बन्ध र विदेश नीति निर्देशित हुन्छ ।

## तत्कालका प्राथमिकता

समुन्नत नेपालको लक्ष प्राप्तिका लागि समाजिक लोकतन्त्रको सिद्धान्तका आधारमा हाम्रा अबका प्राथमिकता निर्देशित हुनुपर्दछ। अहिले हामी संघमा सरकार संचालनको प्रमुख साझेदारीमा छौं। प्रदेश र स्थानीय तहका अधिकांश सरकारमा हामी नेतृत्वमा छौं । त्यसैले तत्काल गर्नुपर्ने केही बुँदाहरू संक्षेपमा प्रस्तुत गरेको छु।

### १. संविधान कार्यान्वयन, शान्ति प्रक्रिया र लोकतान्त्रिक प्रणालीको सुदृढीकरण

हाम्रो नेतृत्वमा संविधानसभाबाट वनेको संविधानको कार्यान्वयन हाम्रो आजको मूल कार्यभार हो । संविधान राजनीतिक सम्झौताको दस्तावेज भए पनि गणतन्त्र, लोकतन्त्र, संघीयता, बहुलवाद, समावेशीकरणलाई मूलभूत सिद्धान्तका रूपमा अंगीकार गरेको संविधानले जनताका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक अधिकारका साथै प्रेस स्वतन्त्रता र मानव अधिकारलाई सुनिश्चित गरेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, स्वच्छ वातावरणलगायत अधिकारलाई मौलिक अधिकारको रूपमा संविधानमा संस्थागत गरिएको छ । त्यसैले स्वतन्त्रता र अधिकारका दृष्टिले नेपालको संविधान उत्कृष्ट छ ।

तर संगैमा सत्य के पनि हो भने संविधान वनिसकेपछि नागरिकको जीवनमा जे वदलाव आउदैछ भन्ने नागरिक अपेक्षा थियो त्यो अनुभुति हुन सकेको छैन । दोष संविधानको होइन हामी कर्ताहरूको हो, तर यस्तोमा एकातिर एउटा अतिवादी राजनीतिक, सोंच र प्रवृत्ति छ, जसले सम्पूर्ण दोषको भारी यो संविधानमाथि बोकाउँछ । अर्कोतिर अर्को अतिवादी प्रवृत्ति र सोंच छ जसले यो संविधान ढुङ्गाको अक्षरमा लेखिएको दस्ताबेज हो, यसलाई छुन समेत हुँदैन भन्ने ठान्छ । यो दुवै प्रवृत्तिले दल र दलहरूभित्र गुँड लगाइरहेका छन । यस्तो अतिवादका बिच हामी प्रष्ट र दृढ छौं र हुनुपर्छ- 'कि हाम्रो नेतृत्वमा भएको ऐतिहासिक जनआन्दोलनबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र तथा हाम्रै नेतृत्वको सरकारले गरेको संविधानसभाको निर्वाचन र हाम्रै नेतृत्वको सरकारले जारी गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानको हामी पूर्णरुपमा स्वामित्व लिन्छौं'। साथै संविधानलाई कार्यान्वयन गर्न र थप स्वीकार्य वनाउन नेपाली कांग्रेसले केही विषयमा थप पहलकदमी लिनुपर्दछ;

- संविधान गतिशील, परिवर्तनशील र संशोधनीय दस्तावेज हो । समाज अघि बढ्दै जाँदा, नयाँ परिवेशका नवीन अपेक्षाहरूलाई पुरा गर्न यो समयानुकूल संशोधन, परिमार्जन र अद्यावधिक हुँदै जान्छ । यस सन्दर्भमा हामीले सबै सरोकारवालाहरूसँग संवाद र परामर्श गरी यो संविधानलाई अझै लोकतान्त्रिक, जनमुखी, उदार, प्रगतिशील र अधिकारमैत्री बनाउँदै सम्पूर्ण जनताले अपनत्व र स्वामित्व ग्रहण गर्ने साझा र समृद्ध दस्तावेजको रूपमा विकास गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।
- समानुपातिक र समावेशीकरणका आधारभूत सिद्धान्तहरुलाई अनुसरण गरिएको मिश्रित निर्वाचन प्रणाली संविधानको आधारभूत स्तम्भ मध्ये एक हो । यो निर्वाचन प्रणालीले समावेशी लोकतन्त्र, समावेशीकरण, समानुपातिक र सहभागिताका दृष्टिले सकारात्मक योगदान गरेको छ । यति हुँदाहुँदै यो निर्वाचन प्रणालीले विशिष्ट परिस्थितिमा बाहेक स्थिर सरकार दिन सक्ने सम्भावना कमजोर देखिएको छ । एकातिर निर्वाचन प्रणालीलाई अझै समावेशी र गुणात्मक बनाउन आवश्यक छ भने अर्कोतिर राजनीतिक स्थायित्व दिने उपयुक्त

निर्वाचन प्रणाली अनुसरण गर्नुपर्ने आवश्यकता पनि उत्तिकै टड्कारो छ । त्यसैले यसबारेमा प्रमुख राजनीतिक दलहरुका साथै सबै सरोकारवालाहरुसँग सघन संवाद र परामर्श गरी सरकार र राजनीतिक दलहरुलाई जनताप्रति अझै जवाफदेही र उत्तरदायी बनाउने र स्थिर सरकार पनि बन्ने तथा समानुपातिक र समावेशीकरणका आधारभूत सिद्धान्तलाई अनुशरण गर्ने उपयुक्त निर्वाचन प्रणालीको निष्कर्षमा पुऱ्याउने संवेदनशील बहस र पहलको नेतृत्वदायी भूमिका पनि हामीले नै गर्नुपर्छ । निर्वाचनका सन्दर्भमा परिमार्जन हुँदै गरेको ऐन मार्फत पनि हामीले त्यस्ता केही प्रावधानहरू समेट्न सक्छौं जसले निर्वाचनमा जनसहभागिता, निशपक्षता, जवाफदेहीता र पारदर्शीताको थप गुणात्मक वृद्धि गरोस्।

- संविधानको भावना अनुसार अधिकारको निक्षेपीकरण गरी जनतालाई अधिकारसम्पन्न बनाउन तथा भौगोलिक दृष्टिले विकासमा समानता स्थापित गर्न उपयुक्त प्रणाली मानेर संघीयता अबलम्बन गरेको हो । देशका विकट क्षेत्र तथा सीमान्तीकृत समुदायका बीच सन्तुलित विकासको प्रतिफल पुऱ्याउन हाम्रो जस्तो विविधतायुक्त देशमा स्थानीय र प्रदेश सरकार जति सबल बन्छन्, नागरिकले चाहेको लोकतान्त्रिक व्यवस्था त्यति नै प्रभावकारी हुन्छ । तर, सीमित स्रोत-साधन, कानून, क्षमता र समन्वयको अभावका बाबजुद वितेका पाँच वर्षमा समग्रमा केही अपवाद बाहेक स्थानीय सरकार प्रभावकारी देखिए भने विभिन्न कारणले प्रदेश सरकार संचालनको अनुभव जति उत्साहप्रद हुनुपर्थ्यो, त्यति हुन सकेन भन्ने यथार्थलाई मनन गर्नै पर्छ ।
- संघीय प्रणालीको सन्दर्भमा पनि दुई अतिवादी प्रवृत्ति देखिन्छ । एउटा राजनीतिक प्रवृत्तिले 'नेपाललाई संघीय प्रणाली आवश्यक नै छैन, यसलाई अविलम्ब खारेज गरौं' भन्छ । तर अर्को राजनीतिक प्रवृत्ति पनि छ, जो संघीय प्रणालीलाई थप कार्यमूलक र प्रभावकारी बनाउन बहस गर्न समेत तयार छैन । जे छ, यही ठिक छ भन्ने उसको धारणा छ । त्यसैले यस्तो जटिल र ध्रुवीकृत परिवेशमा हामीले संघीय प्रणालीलाई अझै कार्यमूलक, प्रभावकारी र जनमुखी बनाई जनतालाई डेलिभरी गर्ने प्रणालीको रूपमा विकसित गरेर संघीय प्रणाली उपयुक्त रहेछ, यो हामीलाई आवश्यक छ भन्ने निष्कर्षमा नेपाली जनतालाई पुऱ्याउनु पर्ने आवश्यक छ ।
- २०७४ सालको निर्वाचन सम्पन्न हुँदाका बखत संविधान बाहेक प्रदेश र स्थानीय तहसँग सम्बन्धित कुनै कानून थिएनन् र नयाँ संरचना भएकोले निर्वाचित पदाधिकारीमा सरकार कसरी चलाउने भन्ने बिषयमा स्पष्टता थिएन । अर्कोतर्फ स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि गर्न समन्वय र सहजीकरण गर्नु पर्नेमा त्यसको ठीकविपरीत तत्कालीन संघीय सरकारले प्रशासनिक बागडोर केन्द्रले नियन्त्रण गर्ने विगतको परम्परा र असफल अभ्यासलाई नै मलजल गऱ्यो । संविधान बमोजिम संघीय सरकारले बनाउनु पर्ने निजामती ऐन, संघीय शिक्षा ऐन, प्रहरी ऐन लगायतका कानूनहरू र मापदण्ड बनाइएन र बनेका कानूनहरू पनि केन्द्रीकृत सोचका साथ बनाउँदा संविधान कार्यान्वयन र संघीयताको संस्थागत विकासमा गम्भीर अवरोध सृजना भएको थियो । विडम्वना त्यसपछि हाम्रो नेतृत्वको सरकार वन्दैगर्दा समेत ति विषयहरू प्राथमिकतामा परेनन् ।
- अब अलमल गर्ने छुट हामीलाई छैन । संघीय प्रणालीको सिद्धान्त र संविधानको मर्म र भावनाअनुसार निजामती प्रशासन र नेपाल प्रहरी अझै पनि संघीयकरण भइसकेका छैनन् । तीन तहको कार्य विवरणमा थुप्रै अष्पष्टता छन । त्यसैले अविलम्ब निजामती सेवा ऐन, प्रहरी ऐन, संघीय शिक्षा ऐन लगायतका आवश्यक

कानून निर्माण तथा अन्य केन्द्रीकृत कानून परिमार्जन गरी तहगत सवलीकरणका लागि नेपाली कांग्रेसको पहलकदमी हुनुपर्दछ।

- नागरिकले प्रदेश संरचना खर्चालु भयो, मुलुकले धान्न सक्दैन भन्ने आशंका गरेको सुनिन्छ, जुन केही हदसम्म स्वभाविक नै हो। तर, संविधानको भावना अनुसार सबलीकरण नगर्ने र केन्द्रकै तजवीजका शासन संचालन गर्ने प्रवृत्ति विद्यमान राखेर यो आशंकाको सही समाधान हुँदैन। त्यसैले आवश्यक कानून, मानवीय र भौतिक स्रोत-साधनआदिको आवश्यक आधार दिएर मितव्ययी ढंगले प्रदेश सरकार चलाएर देखाउने चुनौतीलाई स्वीकार गर्दै प्रदेश संरचनाको आवश्यकता र औचित्यलाई हामीले प्रमाणित गर्नु पर्नेछ। प्रदेशमा मन्त्रालयको संख्या, आर्थिक अनुशासन र मितव्ययिता बारेमा प्रश्न उठिरहेको सन्दर्भमा प्रदेश सरकारलाई थप प्रभावकारी, कार्यमूलक र चुस्त वनाउन प्रशासनिक संरचना र कार्य प्रणालीमा सुधार ल्याउनुपर्दछ। यसका लागि आफ्नो अनुकुलतामा प्रदेश मन्त्रालय बढाउने अनि सुशासन र डेलिभरी भन्दा पनि भागवण्डा मै रमाउने प्रवृत्ति भने हामीले बन्द गर्नैपर्छ।
- यदि दोस्रो कार्यकालमा पनि प्रदेश सरकारहरुले आफ्नो औचित्य पुष्टि गर्न सकेनन भने संघीय प्रणाली माथि नै गम्भीर प्रश्नचिन्ह खडा हुनेछ। संविधानको अक्षर र भावना तथा संघीय प्रणालीको मूल्य र मान्यता अनुसार राज्य संचालन गरी संघीय सरकारले प्रादेशिक र स्थानीय तहलाई थप अधिकार र साधन-स्रोत सम्पन्न बनाउने नीतिलाई उच्च प्राथमिकता दिनुपर्छ। नेपाली कांग्रेसको नेतृत्वमा बनेका प्रदेश र स्थानीय सरकारले पनि यही सिद्धान्त, नीति र मूल्य-मान्यता अनुसार सरकार सञ्चालन गर्नुपर्छ।
- जनताको भावना र संविधानको मर्मअनुसार राजनीतिक दलहरूसँग संवाद र सहमतिको आधारमा प्रदेशहरूको नामाङ्कल लगायतका विषयमा टुङ्गोमा पुग्नुपर्दछ र प्रदेश सरकारहरुले प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्छ। संघीय प्रणाली र प्रदेशको नामाकरण सम्वन्धमा "पहिचान भेटिने, द्वन्द्व मेटिने" हाम्रो पार्टीको आधारभूत सिद्धान्त नै हो। त्यसैले नामाकरणको सबालमा हाम्रो दृष्टिकोण सधैं यही आधारभूत सिद्धान्तद्वारा निर्देशित हुनुपर्छ।
- समावेशी, समानुपातिक प्रतिनिधित्व संविधानको आधारभूत स्तम्भ हो। समानुपातिक प्रतिनिधित्वका सन्दर्भमा देखिएका कमिकमजोरीलाई सच्याउदै, उठेका प्रश्नहरूलाई सकारात्मक ढङ्गले लिंदै यसलाई गुणात्मक सुधार गर्दै राज्यका सवै तह र तप्कामा महिला, दलित, थारू, आदिवासी-जनजाती, मधेसी, अपाङ्गता भएका लगायत सवैको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी आवश्यक कानूनी र संरचनागत प्रवन्ध गर्नुपर्दछ।
- संविधानले दलित, महिला, अपाङ्गता भएका, विपन्न, पिछडिएको क्षेत्रका नागरिक लगायत विभिन्न समुदाय र समुहको हक अधिकारको सुनिश्चितताका लागि संविधानले केही विशिष्ट व्यवस्था गरेको छ। ति वर्ग, क्षेत्र र समुदायका नागरिकको सबलिकरण राज्यमा समान पहुँच स्थापित गर्नका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षाका क्षेत्रमा विशेष ध्यान दिनुपर्दछ। यसका लागि सकारात्मक हस्तक्षेपको नीति अनुसार

आवश्यक कानूनी, संरचनागत र स्रोत साधनको व्यवस्था गर्दै संविधानलाई प्रगतिशील मार्गमा कार्यान्वयन गर्न नेपाली कांग्रेसले पहलकदमी लिनुपर्दछ ।

- संविधानसभा र संविधान निर्माणसंग नेपालको शान्ति प्रकृया अभिन्न ढङ्गले जोडिएको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेखित कतिपय विषयहरू अझै टुङ्गिन सकेका छैनन्। समयमा सत्य निरुपण र वेपत्ता परिवार सम्बन्धी आयोगहरू नबन्दा र बनेका आयोगहरूले पनि प्रभावकारी ढङ्गले काम गर्न नसक्दा पिडितले न्याय पाउन सकेका छैनन। शान्ति प्रक्रियाका खास गरी संक्रमणकालिन न्यायका विषय नेपाली कांग्रेस लगायतका दलहरूले शुरु गरेको विषय हो। अब यो वा त्यो वहानामा यो प्रक्रियालाई लम्याउने छुट कसैलाई छैन । संसदमा विचाराधिन सत्य निरुपण र वेपत्ता सम्बन्धि विधेयकलाई पिडितले न्याय र परिपुरण पाउने किसिमले टुङ्ग्याउने र संक्रमणकालीन न्यायको विषयलाई अविलम्व अगाडि वढाउन नेपाली कांग्रेसले अग्रसरता लिनुपर्दछ । विधेयकमा रहेका केही मानव अधिकार र संक्रमणकालिन न्यायको विश्वव्यापी मान्यता विपरितका प्रावधानले द्वन्द्व पिडित समुदायमा गम्भिर आशंका उत्पन्न गराएको छ। नेपाली कांग्रेसको तर्फबाट हामीले ति विषयमा संसोधन राखिसकेका छौं । अत: मानव अधिकार र संक्रमणकालिन न्यायसम्बन्धि अन्तराष्ट्रिय मूल्य र मान्यतालाई ध्यान दिई पिडितले न्यायको अनुभुति गर्ने गरी शान्ति प्रक्रियाका बांकी काम टुङ्गाउनुपर्छ र त्यसको नेतृत्व नेपाली कांग्रेसले लिनुपर्दछ ।

नेपाली कांग्रेसले यो संविधानको पूर्ण स्वामित्व लिँदै प्रमुख राजनीतिक दलका साथै सरोकारवालाहरूसंग सघन संवाद र परामर्श गरी लोकतान्त्रिक, सहभागितामूलक र संवैधानिक प्रक्रियाबाट सबै धर्म, जाति, संस्कृति, सम्प्रदाय, समुदाय र लिंगका माग सम्बोधन गर्नुपर्दछ । संविधानलाई सम्पूर्ण नेपाली नागरिकले अपनत्व र स्वामित्व ग्रहण गर्ने साझा र समृद्ध दस्तावेजको रूपमा विकास गर्न नेतृत्वदायी भूमिका कांग्रेसले नै निर्वाह गर्नुपर्दछ । समग्रमा दक्षिणपन्थी, प्रियतावादी र यथास्थितिवादी सबैको प्रहारबाट यो संविधानलाई जोगाउँदै यसको विकल्प होइन यसभित्रका विकल्पहरूमा आवश्यक सुसूचित वहस गराउँदै यसको स्वीकार्यता र अपनत्व बढाउदै यसको संरचनालाई सवल र परिणाममुखि वनाएर नागरिकसंग गरेका बाचा पुरा गर्दै जानुपर्छ ।

## २. सरकारलाई समर्थनको शर्त

एउटा विशिष्ट परिस्थितिमा लोकतन्त्र र संविधानको रक्षार्थ, स्थिरताका लागि निर्वाचन पूर्व गठबन्धन भयो । सोही गठवन्धन ५ वर्षको लागि वाचा गरेर निर्वाचनमा सहभागी भयो । निर्वाचन पछाडी प्रारम्भिक चरणमा केही असहज र अनपेक्षित अबस्था सिर्जना भए पनि अहिले मूलभूत रुपमा निर्वाचन अगाडिकै गठबन्धनको सरकार छ । गठबन्धनको मुख्य दलका नाताले यतिवेला नेपाली कांग्रेसको प्राथमिक दायित्व गठवन्धनलाई सफल बनाउने र निर्वाचनमा हामीले जनतासंग गरेका संविधानको कार्यान्वयन, सुशासन, विकास र डेलिभरीका वाचा पुरा गर्ने नै हो । ति वाचा पुरा गर्न इमान्दारितपूर्वक कांग्रेस लाग्नुपर्छ । तर, हामी यसमा पनि प्रष्ट हुनुपर्छ कि गठबन्धन टिकाउने नाममा लोकतन्त्रका आधारभूत मूल्य र मान्यतामा चुनौती सृजना भयो भने हामी निसंकोच प्रतिवाद गर्नुपर्दछ, लोकतान्त्रिक मूल्य र मान्यता तथा जनताका नैसर्गिक अधिकारको पक्षमा दृढतापूर्वक उभिनुपर्दछ ।

हामीले सरकार वा गठबन्धन टिकाउने नाममा गठबन्धनका कुनै पनि दलको अनुचित माग पूरा गर्ने, सरकार बनाउन वा टिकाउन संविधानको मर्म विपरित उभिन पनि तयार हुने अथवा मन्त्रालय बढाएर, फुटाएरै भए पनि भागवण्डा पुऱ्याउने जस्तो अलोकतान्त्रिक प्रवृत्तिलाई कदापी समर्थन गर्नु हुँदैन ।

त्यसैले गठबन्धनलाई सफल बनाउने तर लोकतान्त्रिक मूल्य र मान्यता, संविधान, जनताका नैसर्गिक लोकतान्त्रिक अधिकार, विधिको शासन, मानव अधिकारको प्रतिकूल हुने गरी कुनै काम नगर्ने नै सरकारलाई समर्थनको लागि पार्टीको स्पष्ट मान्यता हुनुपर्छ ।

**३. सरकारको प्राथमिकता**

हामीले निर्वाचनमा जारी गरेको संकल्प र नेपाली जनताको चाहना अनुसार कार्यसम्पादन तथा डेलिभरी गर्न हामी सरकारमा गएका हौं । हामी अहिले तीनै तहको सरकारमा छौं, डेलिभरी गर्ने हैसियतमा छौं । हामी भने अहिले पाएको जिम्मेवारी र समयलाई विर्सेर २०८४ को चिन्ता गरिरहेका छौं । जनभावना अनुसार सरकार सञ्चालन गरी जनताको मन जित्ने अवसर हामीलाई छ । हामीसँग ४ प्रदेशमा सरकारको नेतृत्व अन्य तीनवटामा सरकारमा संलग्नता र ३३२ वटा स्थानीय तहका सरकारहरू छन्, चार वर्षभन्दा बढी समय छ । सरकार सञ्चालन गर्न २०१६ सालमा जननायक वीपी कोइरालाले केवल १८ महिना, २०४७ मा आदरणीय किसुनजीले एक वर्ष र आदरणीय गिरिजाबाबुले तीन बर्ष समय पाउनुभएको थियो । तर उहाँहरुले सीमित समय र साधन-स्रोतका बाबजुद इतिहास र भावी पुस्ताले सदा स्मरण गर्ने लिगेसी छाडेर जानु भएको छ । यदि नेपाली जनताको चाहना अनुसार समुन्नत नेपालको आधार निर्माण गर्न सक्यौं, आर्थिक विकासको अनुभूति गराउन सक्यौं, भ्रष्टाचार नियन्त्रण गरी सुशासन र सदाचारयुक्त समाजको झिल्को देखाउन सक्यौं र अपेक्षा अनुसारको डेलिभरी गर्न सक्यौं भने हामीले २०८४ चिन्ता गर्नै पर्दैन, २०८४ हामीलाई खोज्दै आउनेछ। त्यसैले हामीले यो कार्यकालमा हाम्रो संकल्पमा उल्लेख गरेका वाचा र प्राथमिकतालाई स्मरण गर्दै सवै तहका सरकारबाट जनताले अनुभुति गर्ने गरि ठोस उपलब्धि हासिल गर्नुपर्दछ । त्यसका लागि केही प्राथमिकता;

**३.१ सुशासन र भ्रष्टाचार नियन्त्रण**

- नेपाली जनताको बलिदानीपूर्ण संघर्षका कारण युगान्तकारी राजनीतिक परिवर्तनहरू त भए, तर नेपाली जनताको अपेक्षा अनुसार आर्थिक विकास, सामाजिक रुपान्तरण र सुशासनको प्रत्याभूति गराउन सकिएको छैन । यसको प्रमुख कारण भ्रष्टाचार र कुशासन नै हो । नेपाली जनताको भाग्य र भविष्यमाथि नै खेलवाड गर्ने यस्तो कुशासन र भ्रष्टाचारी प्रवृत्ति विरुद्ध सरकारले अझै प्रभावकारी काम गरी जनतालाई सुशासनको अनुभूति गराउनु पर्छ । त्यसैले सरकारले भ्रष्टाचारको मामिलामा शून्य सहनशीलताको नीति अनुसरण गर्नु पर्छ र सुशासनलाई सर्वोच्च प्राथमिकता दिनुपर्छ ।
- लोकतान्त्रिक प्रणाली, संविधानको अक्षर र भावना तथा विधिको शासनका मूल्य र मान्यतालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अनुसरण गरी गठबन्धन सरकारले जनताप्रति पूर्णरूपमा जवाफदेही र उत्तरदायी भएर कार्यसम्पादन गर्नुपर्छ । लोकतान्त्रिक प्रणालीमा लोकतान्त्रिक तथा संवैधानिक संस्थाहरूको भूमिका अत्यन्त महत्वपूर्ण र प्रभावकारी हुने भए पनि नेपालको सन्दर्भमा यी संस्थाहरु गम्भीररुपमा स्खलित हुँदै गएको

देखिन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग, स्वतन्त्र निर्वाचन गराउने निर्वाचन आयोग, मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने राष्ट्रिय मानव अधिकार आयोगजस्ता संवैधानिक निकायमा भएको दलीयकरण यो प्रणालीका लागि नै घातक छ ।

- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने सम्बन्धमा अख्तियारको दुरूपयोग, भ्रष्टाचार, आर्थिक अनियमितता, सार्वजनिक पदको दुरुपयोग जस्ता विगतमा भएका अन्य मुद्दाहरूको पनि निष्पक्ष अनुसन्धान र छानबिन गरी दोषीलाई कारवाही गर्न र सुशासन कायम गर्न दृढतापूर्वक नेपाली कांग्रेसले नेतृत्व लिनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अझै अधिकार तथा साधन-स्रोत सम्पन्न बनाई थप प्रभावकारी, स्वतन्त्र र स्वायत्त निकायको रूपमा विकसित गरिनुपर्छ । यो संगसंगै सर्वशक्तिमान् भयो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्वयं कसरी भ्रष्ट र निरङ्कुश हुनसक्छ भन्ने विगतको तितो अनुभवबाट शिक्षा लिँदै त्यसमा कसरी जवाफदेही र जिम्मेवार गराउन सकिन्छ कानून बनाउँदा आवश्यक ध्यान दिनुपर्छ ।
- भ्रष्टाचारको एउटा महत्वपूर्ण कारण र आधार नीतिगत भ्रष्टाचार बनेको छ । नीतिगत विषयमा ठूला र शक्तिशाली भ्रष्टाचारका कार्य भइरहेका प्रसंग उठेका छन् । त्यसैले, विगतमा नीतिगत निर्णयका नाममा तामेलीमा रहेका वा अनुसन्धानको दायरामा नआएका भ्रष्टाचारका विषयहरू समेत अनुसन्धानको दायरामा ल्याउनु पर्छ । भ्रष्टाचार सम्बन्धी कसुरमा हदम्याद हटाउनु पर्छ । यसका निम्ति संसदमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भ्रष्टाचार सम्बन्धी दुईवटा ऐन संशोधन विधेयक विचाराधीन छन् । हामी नेपाली कांग्रेसका सांसदहरूले यी विषयलाई संशोधनमा राखेका छौं । यी विषय लगायत भ्रष्टाचारको जालो तोड्ने र सुशासन कायम गर्ने बलियो कानूनी, संरचनागत र संस्थागत सुधार गर्ने जुन वातावरण अहिले बनेको छ, त्यसको नेतृत्व र अग्रसरता कांग्रेसले नै लिनुपर्छ।
- भ्रष्टाचारीमाथि कारबाही हुँदैगर्दा सधैं 'साना माछा' मात्र समातिने, कर्मचारीहरू मात्र दण्डित हुने तर शंकास्पद मुख्यकर्ताहरूलाई भने अनुसन्धानको दायरा मै नल्याउने प्रवृति रोकिनु पर्छ । नक्कली भुटानी शरणार्थी र ललिता निवास भ्रष्टाचार तथा सुन तस्करी काण्डलगायत ओम्नी, यति, वाइड बडी, अख्तियारको दुरूपयोग, भ्रष्टाचार, आर्थिक अनियमितता, सार्वजनिक पदको दुरुपयोग जस्ता अन्य सम्पूर्ण मुद्दाहरूको पनि निष्पक्ष अनुसन्धान र छानविन गरी दोषीलाई कारवाही गर्न र सुशासन कायम गर्न सरकारले दृढतापूर्वक काम गर्नुपर्छ ।
- निजामती प्रशासन र सुरक्षा निकायमा गरिएको दलीयकरणले त गम्भीर संस्थागत संकट नै सृजना भएको छ। न्यायपालिका भित्रको भ्रष्टाचार, राजनीतिक अस्त्र र लामो समयसम्म नेतृत्व रिक्तताको कारणले स्वतन्त्र र स्वच्छ न्यायालयको आधारभूत सिद्धान्तमाथि नै गम्भीर प्रश्नचिह्न खडा हुँदे गएको छ । त्यसैले संवैधानिक संस्था, निजामती प्रशासन, प्राज्ञिक तथा शिक्षण संस्थामा भएका दलीयकरणको अन्त्य गरी विशुद्ध संवैधानिक, स्वायत्त, प्राज्ञिक तथा शैक्षिक वातावरण सृजना गर्न सरकारले निर्णायक कदम चाल्नु अपरिहार्य छ ।

- राजनीतिक दलहरूले विभिन्न संस्था-निकायको नेतृत्वमा गर्ने राजनीतिक नियुक्तिमा अत्याधिक दलीयकरण भएर भ्रष्टाचारमा वृद्धि मात्र भएको छैन, ती संस्थाहरूको प्रभावकारितामा समेत व्यापक ह्रास भएको छ भन्ने नागरिकहरूको ठूलो गुनासोलाई पनि संबोधन गर्नु आवश्यक छ। तसर्थ, नेपाली कांग्रेसले अब उप्रान्त सबै किसिमका राजनीतिक नियुक्ति गर्दा 'हाम्रो होइन राम्रो'लाई नियुक्त गर्ने नीति लिने प्रण गर्नुपर्छ, दलीय समर्पणभन्दा योग्यतामा आधारित रहेर व्यक्तिको छनोट हुनुपर्छ।
- नेपाली कांग्रेसले नेतृत्व गरेका र संलग्न रहेका प्रदेश सरकार र स्थानीय सरकारहरूले यी विषयहरूमा ध्यान दिएर सुशासन, पारदर्शीता, जवाफदेहीता र वित्तीय अनुशासनका सम्पूर्ण सिद्धान्त अनुशरण गरी भ्रष्टाचारमुक्त शासनप्रणालीको अबलम्बन गर्नुपर्दछ।

### ३.२ सरकारको प्रभावकारी डेलिभरी (सेवा प्रवाह) र नेपली कांग्रेस

- इतिहासले हामीलाई के देखाउँछ भने देश अप्ठ्यारोमा परेका अवस्थाहरुमा नेपाली कांग्रेस सरकारमा पुग्दै गर्दा आशाका किरण, सुधार र प्रगतिको आभाष दिन सकेको थियो। २०१५ सालको छोटो अवधिमा गरेका दूरगामी सुधारका अभियान हुन् वा २०४६ साल सम्म आइपुग्दा पञ्चायतको बन्द अर्थनीतिले शिथिल भएको र केवल ३० अर्ब हाराहारीको सरकारी राजस्व भएको अर्थतन्त्रलाई खुला र चलायमान बनाउँदै आज १४ खर्ब राजस्व उठ्ने अर्थतन्त्र निर्माण गर्ने सुधार हुन्। ती नेपाली कांग्रेसको पार्टीकै नेतृत्वबाट सम्भव भएको छ। सार्वजनिक विद्यालयहरु र गाँउठाँउमा स्वास्थ्य केन्द्रहरुको विस्तारको जग नेपाली कांग्रेसले राखेको थियो। अबको आवश्यकता भनेको तिनै आफैंले शुरु गरेको विद्यालयहरुबाट गुणस्तरीय शिक्षा र तिनै आफैले निर्माणको जग बसालेका स्वास्थ्य केन्द्रहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने कुराको नेतृत्व लिने हो।
- संघ र प्रदेशहरुमा सरकार साझेदारी र ३३२ स्थानीय तहको सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यममा सुधार र सकारात्मक भविष्यको अनुभूति नागरिकलाई कसरी गराउने भन्नेमा ध्यान दिनुपर्दछ। छोटो समयमा नेपाली कांग्रेसले गर्न सक्ने केही उदाहरणहरु निम्न छन्।
  - सार्वजनिक विद्यालयको गुणस्तरीय शिक्षाको मापन कक्षा १० को नतिजालाई आधार मान्ने हो भने हिसाब, अंग्रेजी र विज्ञानको अध्यापनमा थोरै सुधार गर्न सके प्रत्येक वर्ष उल्लेख्य प्रगतिको गर्न सकिन्छ।
  - विश्वविद्यालय शिक्षाको गुणस्तरमा थोरै सुधार गर्दा पढ्नैको लागि विदेशिने क्रममा कमि आउछ र देशलाई आर्थिक विकासको फड्को मार्न आवश्यक जनशक्तिको तयारी पनि हुन्छ।
  - चिकित्सक लगायत स्वास्थ्य कर्मीहरु, आधारभूत स्वास्थ्य उपकरण र आधारभूत औषधिहरु प्रत्येक स्थानीय तहमा (विषेश गरी गैर शहरी - ग्रामिण क्षेत्रमा) रहेका स्वास्थ्य चौकि र सार्वजनिक अस्पतालहरुमा पुर्‍याउन सकियो स्वास्थ्य सेवा सुलभ, सुपथ र गुणस्तरीय बनाउने कार्य शुरु भएको आभाष दिन सकिन्छ।
  - कृषिको कुरा गर्दा बिउ र मलको समयमा र उचित मूल्यमा उपलब्धता गराउन सके र सउतानीय तहबाट सानो प्राविधिक कृषि सहायता उपलब्ध गारउन सके उत्पादकत्व बढ्ने र कृषि अर्थतन्त्रको सबलिकरणको शुरुवात गर्न सकिन्छ।

- रोजगारी सिर्जनाका नीति तथा कार्यक्रमहरु (जस्तै नेपालमै राष्ट्रिय उत्पादन कार्यक्रम) को प्रभावकारी कार्यान्वयन गराउन सके गरी खान सक्षमले सहजरुपमा गरी खान सक्ने र रोजगारी बढाउने वातावरण मिलाउने परीस्थिति निर्माण गर्न सकिन्छ।
- IT को क्षेत्रमा युवा रोजगारी सिर्जना गर्ने, प्रविधिजन्य निर्यात बढाउने र यस क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन पहल गरे देशमा रोजगारी बढ्ने, वैदेशिक आय बढ्ने र युवाको पलायन रोक्न सकिने छ।

यस्ता क्षेत्रगत विषयहरुमा पार्टी पङ्तिमा भएको अध्ययन, अनुभव र सिकाईलाई पार्टीले आत्मासात गर्दै नीति निर्माण र कार्यान्वयनमा संलग्न गराउने।

- नागरिकको जीवनलाई छुने क्षेत्रगत स-साना कार्यले देशलाई समुन्नतितिर लान्छ नै, नेपाली कांग्रेसको जनमुखी परिचय पनि स्वत: स्थापित गर्दै लानेछ। आज हाम्रो जिम्मेबारी भनेको प्रत्येक क्षेत्रहरुमा तुरुन्तै सहज रुपमा कार्यान्वयन गर्न सक्ने सुधारहरु यथाशिघ्र गरिहाल्ने र समय र स्रोतको सीमिततालाई आत्मसात गर्दै दूरगामी सुधारको जग बसाल्न शुरु गर्ने हो।
- दिर्धकालीन सुधारको बनाउने भनेको संरचनागत सुधारको जग बसाल्न शुरु गर्ने हो। कानून, कार्यविधि, पद्धतिको निर्माण आजलाई मात्र नभएर भविष्य र सन्ततिलाई विचार गरेर बनाउन सके मात्रै सुधार दिगो र प्रभावकारी हुन्छ। दिर्धकालीन सुधार गरेको नेपाली कांग्रेसको विगतलाई फेरी जगाउनु पर्ने भएको छ। यसकालगि कठोर भन्दा कठोर राजनैतिक निर्णय लिन पनि नेपाली कांग्रेस पछि पर्नु हुदैन।
- नेपाली कांग्रेसले संघ,प्रदेश र स्थानीय तहको निर्वाचनमा सेवा प्रवाहका सन्दर्भमा प्रत्येक क्षेत्रमा के गर्न सकिन्छ, कसरी गर्न सकिन्छ भन्ने विषयमा मापन गर्न सकिनेगरी वाचा गरेको छ। यो चार वर्षमा ति जनजीविकासंग जोडिएका विषयमा भन्न मिल्ने र मापन गर्न सकिनेगरी सवै तहले डेलिभरी दिनुपर्दछ, उपलब्धि हासिल गर्नुपर्दछ। हामीलाई समयको सुविधा र सहज परिस्थितिको सुविधा छैन तसर्थ युद्धस्तामा र युद्ध मनोभावनाका साथ लक्ष तोकि प्रत्येक लक्ष मापन र हासिल गर्न लाग्नु पर्ने भएको छ।

## ३.३. अर्थतन्त्र

- देशको अर्थतन्त्रमामा समस्या छ। समस्याहरुको कुरा गर्दा - कृषि उत्पादन घट्दो छ, विउ मल समयमा पाइदैन, सिचाई पुग्दैन, मलको प्रयोग भारतको तुलनामा एक चौथाई हुन्छ अनि कसरी हामी आत्मनिर्भर हुने ? उत्पादन बढाउने नीति त बन्छ, तर कार्यविधि नबनेर कार्यान्वयन हुदैन। नवीन उद्यमको लागि अनेकन प्रशासनिक बाधा सिर्जना गरिन्छ, अन्तराष्ट्रिय लगानी भित्राउने नीति र प्रक्रियाहरु नै अवरोधकारी छन् र सरकारी नीति न दिगो छ न त विश्वसनीय नै। सार्वजनिक ऋण ५ वर्षमा दुई गुना भयो, पुँजिगत खर्च बजेट अनुरुप गर्ने क्षमता पुरै सार्वजनिक निकायमा नै छैन, प्रशासनिक चालु खर्च नियन्त्रण गर्न तीनै तह असफल देखिन्छन्। वित्तीय संघीयता सिद्धान्त: लागु गर्न सकिरहेका छैनौ। वित्तीय बजारको कुरा गर्ने हो भने हरेक छ / छ महिनामा दोहोरीइ रहने तरलताको अभाव, ऋण लगानीमा वित्तीय सुशासनका कमी, शेयर बजारको अप्राकृतिक उतार चढाव हाम्रा चुनौतीहरु हुन्। आयात निर्यात भन्दा १० गुणा नाघिसक्यो र बढ्दो आयातलाई धान्न वैदेशिक रोजगारबाट प्राप्तहुने विप्रेषणमा हाम्रो निर्भरता, त्यो पनि ५/६ मुलुकमाथि, ठूलो

जोखिमको विषय हो। हरेक वर्ष बजारमा बढ्ने श्रम शक्तिलाई हामीले रोजगारी सिर्जना गर्न सकेका छैनौं वा रोजगारी सिर्जना गर्ने वातावरण तयार गर्न सकेका छैनौ।

- नेपाली कांग्रेसनै अर्थमन्त्रालयको जिम्मेवारी बोकेको छ। समग्र अर्थतन्त्रका आयामहरुलाई नहेरी टालटुले नीति लियौं भने हिजो जस्तै हुन्छ। उदाहरणको रुपमा हालै वैदेशिक सञ्चतिको सन्तुलनको लागि आयात रोक्यौं राजस्व घट्यो, करको दर बढाउछौं वा जथाभावी लगाउछौं उद्योग व्यवसाय मारमा पर्छ र अन्तत्वगत्वा राजस्वनै घट्छ, रोजगारी कार्यक्रमहरु प्रभावकारी बनाउन सक्दैनौ अनि हाम्रो विप्रेषण माथिको निर्भरता झन् बढ्छ। तसर्थ अहिले अर्थतन्त्रका चार आयामहरु- जसमा पहिलो वास्तविक क्षेत्र (कृषि, उद्योग र सेवा), दोस्रो सार्वजनिक वित्त नीति, तेस्रो वित्तीय बजार र चौथो अन्तराष्ट्रिय भुक्तानी (जसमा आयात, निर्यात, विप्रेषण) पर्दछन्। यि आयामहरुलाई सन्तुलन (equilibrium) मा राख्ने आजको चुनौति हो।
- विषम परिस्थितिमा राजनैतिक होस् वा आर्थिक क्षेत्रलाई सम्हाल्ने जिम्मा नेपाली कांग्रेसले लिंदै आएको छ। तर यसपाली मैले भनेका जस्ता चुनौतीहरुलाई अल्पकालीन हल गरेर बस्ने सुविधा नेपाली कांग्रेसलाई छैन। यी चुनौतिहरुको यथाशिघ्र समाधान त आवश्यक छ नै, तर अब हाम्रो प्रयास भने आर्थिक-राजनीतिक सबै आयामहरुलाई एकैसाथ समग्र दृष्टि लगाएर सन्तुलित उपचार गर्ने तर्फ केन्द्रित हुनु पर्नेछ।
- देशको हरेक क्षेत्र अर्थतन्त्रसँग गासिएको हुन्छ, अर्थतन्त्रको प्रभाव cross-cutting हुन्छ। केही समयदेखिको विभिन्न क्षेत्रगत विज्ञहरुसँगको सिकाइले पनि के देखाई रहेको छ भने नेतृत्वले एकाङ्की भन्दा बहुआयामिक रुपमा आर्थिक नीतिलाई अघि बढाउनु पर्छ। २०१५ सालको जस्तो सुधारमुखी र २०४८ सालको जस्तो आर्थिक फड्को मार्ने नीतिको नेतृत्व गरेको नेपाली कांग्रेस २०८० सालमा आज आएर देशको समुन्नत विकासलाई थप उँचाई पुर्‍याउने जिम्मेवारी बोक्न तयार र सक्षम रहेको सन्देश दिन आवश्यक छ। संकटमा भएको अर्थतन्त्रलाई समाल्ने, नागरिकलाई भरोषा दिने र आवश्यक द्रुत र ठोस सुधार गर्ने कामको पहलकदमी कांग्रेसले नै गर्नुपर्छ।
- प्रदेश र स्थानीय सरकारहरू अधिकांश हाम्रो नेतृत्वमा छन, कतिपय प्रदेशमा आर्थिक मामिला मन्त्रालयको नेतृत्व हामीले समालेका छौं। यस अवस्थामा स्थानीय र प्रदेशमा सुधारको जग वसाल्ने अवसर छ। संघले आवश्यक सहयोग र समन्वय गर्दै स्थानीय र प्रदेशलाई सबल बनाउनुपर्छ।
- अर्थतन्त्रको सन्तुलित विकास भनेको यि सबै आयामहरुको आमूल संरचनागत पुनरावलोकन र सुधार हो। यसकालागि नेपाली कांग्रेसले सहासिक निर्णय निर्भिक रुपमा लिन सक्नु पर्ने भएको छ। २१औ शताब्दिको परिवेश, आवश्यकता नयाँ पिढिको अपेक्षाका कारण देश र सन्ततिको भविष्यको लागि अहिलेको अर्थतन्त्रको सङ्कटजञ्य परिस्थिति त सम्हालियोस् नै र यसको साथ साथै नेपाललाई विकासशील देशको रुपमा स्नातक गर्न सकिने सबल आधार पनि तयार होस्।

## ४. अन्तर्राष्ट्रिय सम्बन्ध तथा विदेश नीतिको प्राथमिकता

नेपाली कांग्रेसले अन्तराष्ट्रिय सम्बन्ध तथा विदेश नीतिका सम्बन्धमा लिएको अवधारणाका मूलभुत पक्षहरू;

क) राष्ट्र हित र राष्ट्रिय स्वार्थको संरक्षण तथा सम्वर्द्धन, नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय सुरक्षा, संयुक्त राष्ट्रसंघको

बडापत्र, पञ्चशील, असंलग्नता जस्ता मार्गनिर्देशक नीति अनुसरण गरी स्वतन्त्र र सन्तुलित नीति विदेश नीति अख्तियार गरिने छ ।

ख) वहुलवाद, लोकतान्त्रिक मूल्य-मान्यता, जनताका नैसर्गिक अधिकार, लोकतान्त्रिक प्रणाली, विधिको शासन, अन्तर्राष्ट्रिय कानून, मानव अधिकारलाई प्रमुख मापदण्ड निर्धारण गर्दै नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानून, महासन्धि, अभिसन्धि र अनुबन्धहरूलाई आधारभूत सिद्धान्तका रूपमा अनुसरण गरिने छ।

ग) शान्तिका अग्रदुत भगवान गौतम बुद्धको जन्मभूमि नेपालले शान्ति, सह-अस्तित्व र भातृत्वपूर्ण कूटनीति अनुसरण गरी अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै नेपाललाई शान्तिभूमिको रूपमा स्थापित गर्ने नीतिलाई विदेश नीतिको अभिन्न अङ्ग बनाइने छ ।

घ) नेपालको राष्ट्रहित र राष्ट्रिय स्वार्थलाई सर्वोच्च प्राथमिकता दिंदै भारत र चीन दुवै छिमेकीसंग उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक संवादमार्फत सीमा विवाद समाधान गरी नेपालको एकता, भौगोलिक अखण्डता र सार्वभौमिकता अक्षुण्ण राख्ने नीतिलाई सर्वोच्च प्राथमिकता दिइने छ ।

ङ) एक्काईसौं शताब्दीका आर्थिक शक्ति केन्द्र हुने प्रक्षेपण गरिएका छिमेकीबीच कूटनीतिक सन्तुलन कायम गरी वहुआयामिक कूटनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, व्यापारिक सम्बन्धलाई अझ घनिष्ट र प्रगाढ बनाउँदै पारस्परिक हित र समान लाभका आधारमा दुवै देशको विकासबाट अधिकतम लाभान्वित हुने नीति अंगीकार गरिने छ ।

च) आर्थिक कूटनीति मार्फत् दातृराष्टहरू र दातृनिकायहरूसंग घनिष्ट कूटनीतिक सम्बन्ध विकसित गर्दै वैदेशिक सहायता अभिवृद्धि गरी नेपालको आर्थिक विकास गर्ने नीतिलाई विशेष प्राथमिकता दिइने छ ।

छ) भूपरिवेष्ठित देशले पाउने निर्वाध व्यापार तथा पारवहन सुविधाको प्रत्याभूति गर्नुका साथै व्यापार तथा पारवहन सन्धिबाट अधिकतम लाभ लिन भौतिक पूर्वाधार विस्तार गरी अन्तर्राष्ट्रिय व्यापार र पारवहनलाई विविधिकरण गर्ने नीति अख्तियार गरिने छ ।

ज) कुनै पनि देशसँग प्रतिरक्षा, सैन्य तथा सुरक्षा साझेदारी वा गठबन्धन गरिने छैन । त्यसैले कुनै पनि प्रकृतिको प्रतिरक्षा, सैन्य तथा सुरक्षा सवाल तथा शक्ति राष्ट्रहरू बीचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष संलग्न हुने छैन ।

झ) जलवायु परिवर्तनको कारणले विश्वव्यापीरूपमा सृजना भएको वातावरणीय संकट समाधान गर्न हरित कूटनीति अनुसरण गरी नेपालले अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गरिने छ ।

ञ) सन् २०२६ मा नेपाल अल्पविकसित राष्ट्रको श्रेणीबाट स्तरोन्नति भई विकासशील राष्ट्र हुने भएकाले त्यसपछि अख्तियार गर्ने अर्थनीति, वैदेशिक सहयोग नीति, व्यापार नीति, पारवहन नीतिलगायत केही नयाँ नीतिहरू मस्यौदा तथा केही नीतिहरू परिमार्जन गरी विकासशील देशको दिगो विकासको आधार तय गर्न उपयुक्त नीतिहरू अख्तियार गरिने छ ।

ट) श्रम कूटनीति मार्फत् वैदेशिक रोजगारीलाई सुरक्षित, सम्माजनक र मर्यादित बनाउँदै विदेशमा कार्यरत नेपाली नागरिकको पेशागत हक र सुरक्षालाई सुनिश्चित गर्न विदेशस्थित कूटनीतिक नियोगलाई थप प्रभावकारी रुपमा परिचालन गरिने छ।

यसको आधारमा संसदमा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलहरूबीचमा राष्ट्रिय सहमतिको आधारमा नेपालको अन्तराष्ट्रिय सम्बन्ध र विदेश नीति साझा धारणा निर्माणका लागि नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ।

## पार्टी सञ्चालन सम्बन्धमा प्रस्ताव

समून्नत नेपालको लक्ष्य र सामाजिक लोकतन्त्रको सिद्धान्त अनुरुपको कार्यसूची कार्यान्वयन गर्न सक्षम बनाउन पार्टीमा ठोस सुधार र रुपान्तरण आवश्यक छ। पार्टीभित्रको संगठन संरचना र कार्यशैलीमा केही ठोस वदलाव त चाहिन्छ नै त्यसमा पार्टीभित्र निरन्तर छलफल र वहस हुने नै छ। तत्काल गर्नुपर्ने र गर्न सकिने केही सुधार र कार्ययोजनाको बारेमा केही प्रस्तावहरू पेश गेको छु।

### १. वार्षिक क्यालेन्डर तथा कार्ययोजना कार्यान्वयन

- संगठन, त्यसको परिचालन र प्रभावकारिता पार्टी जीवनका अत्यन्त महत्वपूर्ण अवयव हुन्। त्यसैले पार्टीलाई जीवन्त र गतिशील बनाइराख्न पार्टीमा आवद्ध हरेक सदस्य जागृत हुन, नेतृत्व जवाफदेही हुन र आम जनतामा उक्त पार्टीप्रति विश्वास हुन जरुरी छ। पार्टीको सिद्धान्त र विचार आत्मा हो भने संगठन शरीर हो अनि मस्तिष्क भनेको नेतृत्व हो। आत्मा, शरीर र मस्तिष्कले सन्तुलित ढङ्गले काम गर्नसक्यो भनेमात्र पार्टीमा जीवन्तता रहन्छ। जवसम्म पार्टीको शरीर अर्थात यसको संगठन पार्टीको आत्मालाई बोकेर हिँड्न सक्ने अवस्थामा हुँदैन, तबसम्म पार्टी जीवन्त र गतिशील हुन सक्दैन। पार्टीको विधानले केन्द्रीय कार्यसमितिदेखि टोलसमितिसम्म सभापतिदेखि सदस्यसम्म प्रत्येकको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकेको छ। हाम्रा कतिपय व्यवस्थापकीय कमजोरीले पार्टीको संगठनमा जुन गतिशिलता हुनुपर्ने हो त्यो हुन सकेको छैन। फलस्वरुप, पार्टी पंक्तिमा उर्जा भर्न र जनतामा विश्वास दिलाउन सकेको छैन। विपि कोइरालाले भनेजस्तै- 'पार्टीको संगठन ठीक पार्ने हो भने हामी सबैमा पूर्ण रुपमा विधानको पालना गर्ने बानी हुनुपर्दछ। पार्टीका दैनिक जीवनका कार्य सुचारु रुपले सम्पन्न भइरहेको हुनुपर्दछ।' हामीले केन्द्रमा विधानको सही परिपालना गर्न नसक्दा आज हरेक तह र तप्कामा विधानलाई उपेक्षा गर्ने आदत लागेको छ।
- उदार लोकतन्त्रलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा अंगीकार गरेको हाम्रो पार्टी पूर्णरूपमा लोकतान्त्रिक पद्धति अनुसरण गरी विधिसम्मत र पारदर्शीरुपमा सञ्चालित हुनुपर्छ। आन्तरिक लोकतन्त्रको पूर्ण प्रत्याभूति हुनेगरी निर्णय प्रक्रिया सहभागितामूलक र पारदर्शी हुनुपर्छ। लोकतान्त्रिक अभ्यास र विधानलाई उपेक्षा र उल्लंघन गर्ने छुट कसैलाई पनि हुदैन। अब हाम्रो पार्टीलाई लोकतान्त्रिक पद्धति अनुसरण गरी विधिसम्मत र पारदर्शीरुपमा सञ्चालित गर्ने उद्देश्यले प्रस्तुत समयतालिका सहितको वार्षिक क्यालेन्डर तथा कार्ययोजनाले सवैलाई विधिमा हिड्न उत्प्रेरित गर्नेछ। यो क्यालेण्डरमा आधारित भइ प्रदेश कार्यसमिति, जिल्ला कार्य समिति र मातहतका समिति तथा भ्रातृ संस्थाहरूले आ-आफ्ना कार्यतालिका निर्माण गर्नुपर्नेछ। समयतालिका सहितको यो वार्षिक क्यालेण्डरले आन्तरिक लोकतन्त्र सुदृढ गर्न र विधानसम्मत पार्टी संचालनमा महत्वपूर्ण सहयोग पुर्‍याउने छ, पार्टीलाई गतिशील वनाउने छ, जनतासंग जोडनेछ।

### २. पार्टी एक सामाजिक आन्दोलन

- पार्टी फगत राजनीतिक संगठन मात्र होइन यो आफैमा सामाजिक आन्दोलन पनि हो। इतिहास हेर्ने हो भने नेपाली समाजमा गरिएका थुप्रै सामाजिक आन्दोलनको प्रारम्भकर्ता नेपाली कांग्रेस हो। सामाजिक विभेद विरुद्धका सबैखाले आन्दोलन र अभियानमा कांग्रेस अग्रपंक्तिमा थियो। तर पछिल्ला केही वर्षदेखि कांग्रेस

त्यसबाट विमुख हुँदै गएको आभास हुन्छ । नेपाली कांग्रेसका सबै सदस्य दिन-रात पार्टीलाई सरकारमा पुऱ्याउनका लागि मेहेनत गर्छन् । किनभने हाम्रो अहिलेसम्मको प्रचलित बुझाइमा पार्टीले आफ्ना नीति लागू गर्दै लोकको हित गर्न त्यो बाहेक अर्को कुनै माध्यम छैन । पार्टी सरकारमा गएमात्र जनताको काम गर्न सकिन्छ भन्ने बुझाई बढ्दै गयो र पार्टी जनमुखी होइन सत्तामुखी हुनथाल्यो । त्यस्तो बुझाइ त्रुटिपूर्ण छ । त्यसैले राजनीतिको यो अवधारणा र बुझाइलाई पनि पुनर्परिभाषित गर्नु जरुरी छ । अर्कोतर्फ समाज र पार्टीलाई योगदान गर्ने उद्देश्यले होइन कि अवसर, पद र भूमिका पाउनका लागि पार्टी राजनीति गर्ने गैरराजनीतिक र अवसरवादी प्रवृत्ति बढ्दै गरिरहेको छ । यसले गर्दा लामो समयदेखि समाज र पार्टीलाई योगदान गर्दै आएका सिद्धान्तनिष्ठ नेता-कार्यकर्ताहरु उपेक्षित हुँदैजाँदा अवसरका लागि पार्टीमा प्रवेश गर्नेहरू हावी हुँदै गएको देखिन्छ । अब पार्टीमा केवल सत्ता, अवसर, पद र भूमिकाका लागि होइन, समाज र पार्टीलाई योगदान गर्ने उद्देश्यले भूमिका निर्वाह गर्ने नयाँ अवधारणाका साथ अभिमुखीकरण गर्नुपर्ने अवस्था सृजना भएको छ ।

- हाम्रो पार्टीले राजनीतिक-आर्थिक मुद्दाका साथै सामाजिक मुद्दामा पनि अग्रणी भूमिका निर्वाह गर्न आवश्यक छ । हामीले हाम्रो पार्टीलाई नागरिकसँग तथा सामाजिक मुद्दासँग जोड्न र पार्टीगत संरचना तथा पार्टीको नीतिलाई जनमुखी बनाउन समाजमा विद्यमान सामाजिक मुद्दामा पनि अग्रणी भूमिका निर्वाह गर्नै पर्छ । हाम्रो पार्टीलाई उदार, प्रगतिशील र अग्रगामी पार्टीका रुपमा रुपान्तरण गर्न सक्यौं भने जनतासँगको सम्बन्ध सुदृढ हुनेछ र पार्टी पनि जनमुखी हुनेछ ।
- पार्टी संगठनलाई हामीले राजनीतिक मात्र होइन, सामाजिक आन्दोलनको रूपमा पनि उपयोग गर्नेछौं, निरन्तर जनतासँग जोडिराख्ने छौं । सरकारको वैधानिक सत्ताको विकल्पमा पार्टी संगठनको तागत र जनताको समर्थनको नैतिक सत्तालाई उपयोग गरेर पनि लोकको सेवा गर्न सकिने थुप्रै माध्यम छन् भन्ने चेतनाको पार्टीभित्र व्यापक विस्तार गर्नेछौं ।
- पार्टी संगठनलाई हामीले राजनीतिक मात्र होइन, सामाजिक आन्दोलनको रूपमा पनि हेर्नु र उपयोग गर्नु पर्छ । यसले प्रत्येक सदस्यलाई एउटा अर्थ दिन्छ र पार्टीको आन्तरिक व्यवस्थापनमा पनि ठूलो मद्दत पुऱ्याउँछ । किनकि समाजमा हुने जतिपनि नयाँ सकारात्मक अभियान वा पहलकदमी छन्, त्यसका लागि पार्टीले नै प्लेटफर्म दिएपछि यसका सदस्यलाई अन्य सामाजिक संस्थामा गइराख्ने बाध्यता हुँदैन । यस प्रकार सामाजिक आन्दोलनको रूपमा पनि पार्टी संगठनलाई बढाउन सक्ने हो भने हाम्रो सांगठनिक आधार बलियो हुनेछ, पार्टी सदस्यका आकांक्षालाई व्यवस्थापन गर्ने थुप्रै बाटाहरू भेटिनेछन् र पार्टी सामाजिक रुपान्तरणको बाहक बन्न सक्छ ।

## ३. दलीयकरणको दुष्चक्र

- उदार लोकतान्त्रिक प्रणालीको मूल्य र मान्यताविपरीत राज्यका सम्पूर्ण निकायहरूको दलीयकरणबाट नेपाली समाज आक्रान्त छ । राज्य र राज्य संरचना लोकतान्त्रिक हुनुपर्छ, राज्यका निकायहरूलाई लोकतान्त्रिकरण गर्दै जनताप्रति उत्तरदायी र जवाफदेही बनाउनु पर्छ । तर राज्यका निकायहरूलाई दलीयकरण गर्ने होइन । मुद्दाहरूको राजनीतिकरण हुन सक्छ तर लोकतान्त्रिकरण भनेको दलीयकरण होइन । राज्यका निकायहरूलाई

दलीयकरण गर्ने गैरलोकतान्त्रिक प्रवृत्तिलाई पूर्णरूपमा निरुत्साहित गर्नु जरुरी छ । यसक्रममा हामीबाट हिजो गल्ती भएको छ हाम्रो गल्तीलाई हामीले सच्याउनु पर्छ ।

- प्रत्येक ठाउँ, क्षेत्र, व्यवसाय अर्थात सबैतिर पार्टीको संगठन विस्तार हुनुपर्छ नत्र हामी विपक्षी पार्टीबाट पछि पर्छौं भन्ने भावनाले हामीलाई तर्साएको छ । पार्टीकै टोपी लगाएर हाम्रो सबैतिर उपस्थिति हुनु पर्छ भन्ने धारणा गलत छ । दलीयकरणले संस्थाहरुको स्रोत-साधनमा कब्जा जमाउने प्रवृत्तिलाई मात्र मलजल गर्छ । नेपाली राजनीतिक परिदृश्यलाई हेर्दा पार्टीको आवरणमा व्यावसायिक कम्पनी जस्ता देखिने संगठनहरूको समेत उपस्थिति बढ्दै गएको देखिन्छ ।

- पार्टीका लाखौं कार्यकर्तालाई जागिर लगाइदिने, कार्टेल-सिन्डिकेटलाई संरक्षण गर्दै कार्यकर्ताको जीविकाको प्रमुख स्रोतको रूपमा पार्टीले काम गर्ने प्रवृत्ति देखिएको छ । तर लाखौं कार्यकर्ता पाल्न त थुप्रै स्रोत चाहिने भयो । त्यसका लागि राज्य, एनजिओ, व्यावसायिक संस्था आदि सबैतिर कब्जा गर्ने एउटा सुपरकार्टेलको रूपमा केही पार्टीहरू रुपान्तरण भएका छन् । आफ्नो व्यापार-व्यवसायलाई अनुकूल हुनेगरी सरकार र संसदको नीति निर्माणलाई प्रभावित गरिरहेका पार्टीहरु र तीसँग सम्बन्धित संघ-संस्थाहरूका कारण मुलुकको विकास रुग्ण भएको छ ।

- यस्तो परिदृश्यमा हामी मात्र यो दौडमा किन पछि पर्ने ? हामीले पनि त्यसै किसिमको क्याडर-बेस्ड भई स्रोत कब्जा गरेर बलियो बन्नुपर्छ भन्ने भ्रामक विचारले केही साथीहरू प्रभावित देखिन्छन् । यदि हामी पनि त्यही बाटोमा हिँड्ने हो भने राजनीतिक दल नै किन चाहियो ? तर हामी त्यो दिशातर्फ जानु हुँदैन र दृढतापूर्वक यसको विपक्षमा रहनु पर्छ । हामीले अब हिंड्ने बाटो भनेको हिजो भन्दा अझ बढी खुला र उदार बाटो नै हो। राज्यका निकायहरूको गैरदलीयकरणको यो पहल कांग्रेस पार्टीले गर्नुपर्छ र हिजोका दिनमा हामीबाट भएका गल्ती तथा कमी-कमजोरी सबै अन्त्य गर्न अब हामी तयार हुनुपर्छ।

## ४. पार्टीको लोकतान्त्रिकरण र समावेशीता

- हाम्रो पार्टीलाई लोकतान्त्रिकरणका साथसाथै समावेशी बनाउनु पनि उत्तिकै आवश्यक छ । नेपाल बहुधार्मिक, बहुजातीय, बहुसाँस्कृतिक, बहुभाषिक, बहुलवादी र असंख्य विविधताले युक्त देश भएको कारण यसको राष्ट्रिय स्वरूप र चरित्र प्रतिविम्बित हुनेगरी हाम्रो पार्टीलाई हिमाल, पहाड र तराइका सबै धर्म, जाति, सँस्कृति, भाषिक सम्प्रदायको साझा र समावेशी पार्टीको रुपमा रुपान्तरण गर्नुपर्छ । समाजको विविधताको प्रतिविम्व पार्टीमा देखिनुपर्छ ।

- समावेशीकरण, सहभागितामूलक निर्णय, सबै समुदायको पार्टीमा न्यायोचित प्रतिनिधित्व पार्टी रुपान्तरण र समावेशीकरणका दृष्टिले अहिलेका प्रमुख मुद्दाहरु हुन् । महिला, मधेसी, आदिवासी-जनजाति, दलित, अल्पसंख्यक, सीमान्तीकृत, वञ्चितीकरणमा परेका तथा फरक क्षमता भएका समुदायलाई समावेशीकरणको सन्दर्भमा विशेष प्राथमिकता दिनुपर्छ । हाम्रो पार्टीलाई समावेशी पार्टीको रुपमा रुपान्तरण गरी निर्णय प्रक्रिया सहभागितामूलक र पारदर्शी बनाउन हामी आफैले गरेका निर्णय पनि पछिल्लो दिनमा गरिएका

केही निर्णयहरुमा कार्यान्वयन गर्न चुकेका छौं। त्यसैले निर्णय गर्ने तर कार्यन्वयन नगर्ने यस्तो प्रवृत्तिलाई पनि हामीले अविलम्व सच्याउन जरुरी छ।

## ५. सैद्धान्तिक ज्ञान र वैचारिक प्रशिक्षण

- पार्टीमा अध्ययन-अनुसन्धान, चिन्तन-मनन, बहस-विमर्श, छलफल-अन्तरक्रियाको अभ्यास र संस्कार हराउँदै गएको छ। राष्ट्रिय राजनीतिलाई मार्गनिर्देश गर्नुपर्ने हामीले अध्ययन, बहस र विमर्शको अभावमा समसामयिक राजनीतिदेखि राष्ट्रिय मुद्दामा पार्टीको विचार, दृष्टिकोण र धारणा स्पष्टरूपमा जनतामाझ राख्न सकेका छैनौं। हामीले प्रतिस्पर्धी र प्रतिपक्षी पार्टीले लगाएका आरोपहरूको तथ्य र तथ्यांकका आधारमा प्रतिवाद गर्न सकेका छैनौं। सुन्दा अप्रिय भए पनि अहिलेको वास्तविकता यही हो।
- सैद्धान्तिक दृष्टिले स्पष्ट, वैचारिक दृष्टिले प्रशिक्षित र आचरणका दृष्टिले नैतिक नभइकन अहिलेका चुनौतीहरूको सामना गर्न सकिँदैन। उग्रवामपन्थी,दक्षिणपन्थी, पपुलिस्ट, उग्रराष्ट्रवादी, अनुदारवादीलगायतका तप्काले हामी र हाम्रो पार्टीका विरुद्ध अतिरन्जित प्रोपोगण्डा गरिरहेका छन्। तर सैद्धान्तिक ज्ञान र वैचारिक प्रशिक्षणको अभावमा हामीले प्रभावशाली ढङ्गले त्यसको ठोस प्रतिवाद गर्न सकिरहेका छैनौं।
- अब हाम्रो पार्टीमा सैद्धान्तिक-वैचारिक तथा  समसामयिक राजनीतिक विषयका साथै पार्टीको नीति र रणनीतिको बारेमा अध्ययन-अनुसन्धान, चिन्तन-मनन, बहस-विमर्श, छलफल-अन्तर्क्रियाको अभ्यास र संस्कार विकसित गर्नु अति आवश्यक छ। यस्ता अध्ययन, बहस र विमर्श तथ्य र तथ्यांक तथा सूचना र ज्ञानमा आधारित स्वस्थ र सृजनात्मक हुनुपर्छ।
- लोकतान्त्रिक प्रणाली, सार्वजनिक सञ्चार माध्यम तथा सूचना प्रविधिको विकास र सामाजिक सञ्जालको विस्तारका कारणले आलोचनात्मक सोच भएको सचेत  समुदायको विकास भइरहेको छ। यसैगरी चाहे पार्टीको भूमिका होस् वा सरकारको, हामी सम्पूर्ण नेतादेखि सदस्य साथीहरुसम्मले जुनसुकै भूमिका पाउँदा पनि सफलतापूर्वक कार्यसम्पादन गर्न सक्ने ज्ञान, अनुभव र सिकाइ हासिल गरी योग्य र सक्षम हुनु अपरिहार्य देखिएको छ।
- पार्टी बैठक, सम्मेलन, अधिवेशनहरू प्रायः औपचारिक कार्यक्रम र नेतृत्व छनोटमा मात्र केन्द्रित हुने गरेका छन्। त्यस्ता सम्मेलनहरूमा पनि राजनीतिक, सामाजिक, आर्थिक, सांगठनिक अवस्थाको विश्लेषण, वैचारिक बहस खासै हुँदैनन्। भए पनि त्यस्ता प्रतिवेदन औपचारिकतामा मात्रै सीमित हुदै गएका छन्। यसले पार्टी संगठनलाई जमेको तलाउ जस्तो वनाएको छ। अव सम्मेलनहरूमा अनुवार्य रुपमा राजनीतिक वैचारिक वहस गराउदै पार्टीलाई वैचारिक धारमा फर्काउनुपर्दछ।

## ६. भ्रष्टाचारमा शुन्य सहनशीलता

- विधिको शासन र कानूनको दृष्टिमा सबै नागरिकहरू समान हुन्छन्। पार्टीले भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अंगिकार गर्नुपर्दछ। अपराधमा संलग्न भैसकेपछि अपराधको दल, वर्ण, जात, लिङ्ग वा समुदाय हुँदैन, हुनुहुँदैन। दोषी छ भने जस्तोसुकै शक्तिशाली र प्रभावशालीले पनि उन्मुक्ति पाउनु हुँदैन; तर निर्दोष छ भने पनि

कुनै जात, लिङ्ग, समुदाय, परिवार वा दलसंग जोडिएका आधारमा अन्यायमा पनि पर्नु हुँदैन । अनुसन्धानको प्रक्रियालाई सहयोग पुऱ्याउनु आम नागरिक, संचार माध्यम, संघ-संस्था सबैको कर्तव्य हो ।

- भ्रष्टाचार, अख्तियार दुरुपयोग, आर्थिक अनियमितता, गैरकानुनी आम्दानी, नैतिक पतन देखिने फौजदारी अभियोग, सामाजिक अपराध जस्ता विषयमा जुनसुकै तहको नेता, कार्यकर्ता वा सदस्य अनुसन्धानको दायरामा आएपछि अनुसन्धान प्रक्रियालाई सहयोग गर्न व्यक्ति स्वयंले मुद्दाको अन्तिम किनारा नलाग्दासम्म आफ्नो पदीय भूमिकाबाट राजीनामा दिनुपर्छ । गम्भीर आरोपमा पक्राउ परिसकेपछि अब यो पक्राउ परेका व्यक्तिको निजी विषय हो, पार्टीको विषय बन्नु हुँदैन । पार्टीमा क्रियाशील कुनै व्यक्ति भ्रष्टाचार वा अपराधमा आरोपित हुन सक्छ । तर, थाहा भएको दिन पार्टीले त्यसको भारी बोक्नु हुँदैन । यदि उक्त व्यक्तिले पार्टीबाट आफूलाई अलग नराखे वा राजीनामा नदिएमा मुद्दाको न्यायिक निरुपण नहुँदासम्म सार्वजनिक पद वा पार्टीको संलग्नता वा जिम्मेवारीबाट अलग राख्नुपर्छ । पार्टीको तर्फबाट भन्ने यतिमात्र हो- 'अनुसन्धान निष्पक्ष हुनुपर्छ, निर्दोष पर्नुहुन्न, दोषीले सजाय पाउनुपर्छ'। दोषी र निर्दोष छुट्ट्याउने कानूनी प्रक्रियाबाट हो । (यस बारेमा मेरो छुट्टै मेरो लिखित मत पेश गरिसकेको छु)
- पार्टीको कुनै पनि सदस्य प्रचलित कानूनले वर्जित गरेको काम नगर्ने। आफ्नो जिम्मेवारी वहन गर्दा र असहमति राख्दा कानून र मर्यादा बमोजिम गर्ने । कुनै सदस्यले कानून हातमा लिएर काम गर्ने वा कानूनले वर्जित गरेको काम गरेमा त्यसको भारी पार्टीले बोक्नु हुँदैन, बोक्न सक्दैन ।

### ७. निर्वाचन पूर्व गठबन्धन नगर्ने

- आफ्नो पार्टीको नीति र एजेण्डा लिएर जनसमक्ष जानु राजनीतिक दलहरूको स्वाभाविक लोकतान्त्रिक अभ्यास हो । यसैगरी राजनीतिक दलहरूको नीति, एजेण्डा र कार्यक्रमको आधारमा कुनै राजनीतिक दल वा उम्मेदवारलाई मतदान गर्नु मतदाताको आधारभूत लोकतान्त्रिक अधिकार हो । तर नेपालमा विगत केही वर्षदेखि अभ्यास गर्दै आइरहेको निर्वाचन पूर्व गठबन्धन (प्रिइलेक्सन एलायन्स) नागरिकको लोकतान्त्रिक अधिकार तथा लोकतान्त्रिक प्रणालीको आधारभूत मूल्य र मान्यताविपरीत छ । यस्तो अलोकतान्त्रिक अभ्यासले मतदातालाई विवेकसम्मत रूपमा नीति, एजेण्डा र कार्यक्रमको आधारमा आफ्ना जनप्रतिनिधि छनौट गर्ने लोकतान्त्रिक अधिकारबाट समेत बन्चित गरेको छ ।
- निर्वाचन पश्चात नीति, योजना र कार्यक्रमका आधारमा संविधानको मर्म अनुसार सत्ता साझेदारी हुनसक्छ तर निर्वाचन पूर्वको गठबन्धन गलत छ भन्ने कुरा हाम्रै अनुभवले पनि पुष्टी गरिसकेको छ । चुनाव अघिको गठबन्धनको संस्कृतिले हाम्रो पार्टी-संगठन थप कमजोर र अलोकप्रिय भएको छ । यही वास्तविकतालाई आत्मसात गर्दै अबदेखि हाम्रो पार्टीले निर्वाचन पूर्व गठबन्धन (प्रिइलेक्सन एलायन्स) नगर्ने संकल्प र घोषणा गर्नुपर्दछ ।

### ८. जनसरोकारका मुद्दामा हाम्रो प्राथमिकता र भूमिका

- संसदमा जिम्मेवार, रचनात्मक र सशक्त भूमिका निर्वाह गरी सरकारलाई नागरिकप्रति उत्तरदायी तथा जवाफदेही बनाउन हामीले अझै प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिएको छ। संसदमा राष्ट्रिय

महत्वका साथै समसामयिक मुद्दामा जनसरोकारका विषयहरूलाई सशक्तरुपमा उठाएर निष्कर्षमा पुऱ्याउनु पर्छ। सरकारमा सहभागी भएको नाताले हामीले अझ सचेत भएर त्यो जिम्मेवारीलाई बहन गर्नुपर्छ । हामी नै नागरिकको आवाज हुनुपर्छ र हरेक नीति-निर्माण तहमा तिनका सरोकारलाई निरन्तर उठाइरहनु पर्छ ।

- राष्ट्रहित तथा साझा राष्ट्रिय कार्यसूची जस्तै राष्ट्रिय सुरक्षा, विदेश नीति, संविधान, सीमा, जलवायु परिवर्तन, भ्रष्टाचार नियन्त्रण तथा सुशासन, संवैधानिक निकाय, न्यायपालिका, महामारी, प्राकृतिक प्रकोपजस्ता विषय, नीति तथा ऐनमा राष्ट्रिय सहमतिको वातावरण सृजना गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । यसैगरी विकास-निर्माण, सुशासन, भ्रष्टाचार नियन्त्रण, महिला तथा दलित समुदायका मुद्दा, सामाजिक मुद्दामा अझै प्रोएक्टिभ भूमिका निर्वाह गर्न आवश्यक छ। यी मुद्दाहरू हरेक नीति-निर्माण तहमा उठाउनुका साथै समाधान गर्न पनि हामीले नै नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ।

## थप छलफल गर्नुपर्ने केही विषयबारे मेरो प्रस्ताव

पार्टीले तत्काल गर्नुपर्ने केही विषयमा माथि चर्चा गरिसकिएको छ। यहाँ पार्टी संचालन र व्यवस्थापनका सन्दर्भमा थप छलफल गर्न केही विषयका सन्दर्भमा संक्षेपमा मेरो धारणा प्रस्तुत गरेको छु।

मैले विगत लामो समयदेखि हाम्रो पार्टी सुदृढीकरण र रुपान्तरणका लागि पार्टी प्रणाली र साङ्गठनिक स्वरूप तथा संरचनाको बारेमा केही नयाँ विषयहरू निरन्तर उठाउँदै आएका छु। ती विषयमा विगत केही समयदेखि नेपाली राजनीतिमा चर्चा, छलफल र बहस हुँदैआएको छ। जनतामा विकसित भएको राजनीतिक चेतना, सार्वजनिक संचारमाध्यम तथा सामाजिक सञ्जालको विकास, मुलुकका प्रति चिन्तनशील बौद्धिक समुदाय र नागरिक समाजले परम्परागत पार्टी प्रणाली र साङ्गठनिक स्वरूप तथा संरचनाको बारेमा प्रश्न गर्दै आइरहेका छन्। पार्टी निर्माण र सुधार, पार्टी प्रणाली तथा साङ्गठनिक स्वरूप तथा संरचनाका बारेमा केही नयाँ प्रस्ताव र विषयहरू बहसका रूपमा आएका छन्। उक्त नयाँ प्रस्ताव र विषयहरूलाई सकारात्मक रुपमा ग्रहण गर्दै हामीले पनि हाम्रो पार्टीको भूमिका, पार्टी प्रणाली र साङ्गठनिक स्वरूप तथा संरचनाको बारेमा नयाँ आयामबाट सोच्नुपर्ने बेला आएको छ। हाम्रो पार्टी सुदृढीकरण र रुपान्तरणका दृष्टिले उक्त विषय र कार्यसूचीका बारेमा हामीले गम्भीर अध्ययन-अनुसन्धान, बहस-विमर्श र छलफल गरी अविलम्ब उपयुक्त निष्कर्षमा पुग्नुपर्ने घडी आएको छ। त्यसैले केही कार्यसूची र विषयहरु सकारात्मक र सार्थक छलफल, आवेगमुक्त बहस र विमर्शका लागि प्रस्ताव गर्न चाहन्छु।

### १. पार्टी सदस्यता

पार्टी सदस्यता, पार्टी सदस्यता वितरण प्रणाली र पार्टी सदस्यको भूमिकाको बारेमा अहिले व्यापक बहस र छलफल भइरहेको छ। बढ्दो राजनीतिक चेतना तथा सार्वजनिक संचारमाध्यम, सामाजिक सञ्जाल र सूचना प्रविधिको तीव्र विकाससँगै उदारवादी र खुला समाजको अवधारणा झन् झन् परिष्कृत र विस्तारित हुँदै गएको छ। त्यसैले पार्टीको निर्णय प्रक्रिया, पार्टी सञ्चालन पद्धति र सदस्यता प्रणाली पनि खुला र उदार समाजको अवधारणा अनुसार पारदर्शी र प्रविधिमैत्री हुनुपर्ने विचार सशक्त रुपमा उठेको छ।

हामीले हालसम्म पार्टी सदस्य र क्रियाशील सदस्य गरी दुई किसिमका सदस्यता प्रणाली अनुसरण गर्दै आइरहेका छौं। महाधिवेशनको पूर्वसन्ध्यामा मात्रै नेतृत्व र गुटको अनुकूलता अनुसार क्रियाशील सदस्यता वितरण गर्ने अभ्यासले पार्टीमा अवाञ्छित विवाद सृजना भएर महाधिवेशन समेत समयमा हुन नसक्ने दुर्भाग्यपूर्ण परिस्थिति भोग्दै आएका छौं। अर्कोतिर यस्तो प्रवृत्तिले पार्टी-संगठनमा समेत गम्भीर नकारात्मक असर परेको छ। यही वास्तविकतालाई आत्मसात गर्दै पार्टी सदस्यता वितरण प्रक्रिया प्रारम्भ भइसकेको छ। सूचना प्रविधिमैत्री पुस्ताको भावनालाई मध्यनजर गर्दै अनलाइनबाटै सदस्यताका लागि आवेदन गर्न सकिने व्यवस्था गरिसकिएको छ। त्यसैले आगामी एक वर्षमा ७ लाख नयाँ सदस्य बनाउने प्रस्ताव गरिएको हो। हामीले खुला, उदार, पारदर्शी र प्रविधिमैत्री सदस्यता प्रणाली आत्मसात गरी यो प्रक्रिया प्रारम्भ गरिसक्यौं। अब पार्टी सदस्यताका साथै क्रियाशील सदस्यतालाई पनि यही प्रक्रिया अनुसरण गरी कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने बारेमा हामीले छलफल, बहस र विमर्श गरी अविलम्ब निष्कर्षमा पुग्नु अपरिहार्य छ। त्यस्तै, सदस्यता प्रकार, वितरण प्रणाली र प्रतिनिधित्वको विषयमा पनि थप छलफल आवश्यक छ।

## २. नेतृत्व विकास र चयन प्रक्रिया

हाम्रो प्रचलित भाषामा नेतृत्व भनेको केन्द्रीय, त्यो पनि शीर्ष नेतृत्व तहलाई बुझिन्छ । नेपालका सबै पार्टीहरूको नेतृत्वमुखी र केन्द्रीकृत संरचनाको भएको र पार्टीका सबै निर्णयहरु शीर्ष नेतृत्व पंक्तिले गर्ने भएका कारणले यस्तो मान्यता विकसित हुनु पनि अस्वाभाविक भएन। तर नेतृत्व भनेको केन्द्रीय, त्यो पनि शीर्ष नेतृत्व पङ्क्तिमात्र होइन । हाम्रो पार्टीको सभापतिदेखि टोल तहमा काम गरिरहनु भएका सदस्यहरु सबैको लोकतान्त्रिक, वैधानिक, सहभागितामूलक, पारदर्शी र स्वस्थ प्रक्रियाबाट नेतृत्व विकास गर्ने प्रक्रियाको प्रारम्भ गर्नु आवश्यक छ। हाम्रो हालसम्म अभ्यास के छ भने पार्टीको नेतृत्वपंक्तिले आफूलाई अनुकुल हुने हिसाब-किताब गरी सीमित सदस्यता वितरण गर्ने र तीनै सीमित सदस्यहरुले प्रतिनिधिमूलक रुपमा नेतृत्व छनोट गर्दै आइरहेका छौं। यस्तो प्रतिनिधिमूलक अभ्यासमा जनता र सदस्यको वास्तविक भावना नेतृत्व छनौटको प्रक्रियामा प्रतिबिम्बित हुन सकेन। पार्टीको हरेक तहको नेतृत्व चयन प्रक्रिया कस्तो हुने? प्रत्यक्ष छनोट गर्ने वा प्रतिनिधिमूलक? क्षेत्र, जिल्ला, प्रदेश र महाधिवेशन प्रतिनिधि क्रियाशील सदस्यबाट सिधै छनोट गर्ने कि विद्यमान व्यवस्थाजस्तै प्रतिनिधिको चयनबाट छनोट गर्ने? पार्टीको कार्यकारी पदमा दुई पटक भन्दा एउटै पदमा रहन पाउने वा नपाउने? भन्ने विषयमा थप छलफल आवश्यक छ। त्यसैले केवल नेतृत्वको छनोट र निर्वाचन मात्रै होइन, ग्रासरुट तहबाट नै नेतृत्व विकास गर्नु अबको हाम्रो प्राथमिकता हो। यही वास्तविकतालाई आत्मसात गर्दै अब पार्टीका क्रियाशील सदस्यहरुबाट सीधै नेतृत्वको चयन गर्ने प्रक्रिया प्रारम्भ गरियो भने यसले पार्टीलाई नयाँ जीवन दिने छ।

यस्तो पद्धति अनुशरण गरेपछि तलदेखि नेतृत्व छनोट वा निर्वाचित हुने प्रक्रियाले पार्टीलाई लोकतान्त्रिकरण गर्छ, पार्टीलाई जनता र कार्यकर्तामुखी निकायको रुपमा रुपान्तरित गर्छ, पार्टीलाई भुइँ तहका जनतासमक्ष जोड्छ, पार्टीका नीति जनतामुखी हुन्छन् र पार्टीलाई सशक्त र लोकप्रिय बनाउँछ।

## ३. निर्वाचनमा उम्मेदवार छनोट

निश्चित मापदण्ड बिना गुटगत र नेतृत्वको वफादारिताका आधारमा निर्वाचनमा उम्मेदवारी तय हुँदै आएको कारणले हाम्रो पार्टीमा विगत लामो समयदेखि व्यापक बहस, विवाद, असन्तुष्टि र कतिपय सन्दर्भमा विद्रोह समेत हुँदै आएको छ । योग्यता, दक्षता, क्षमता भिजन, लोकप्रियता, पार्टीमा योगदान, अनुभव, समावेशीकरण जस्ता मापदण्डका आधारमा विवेकसम्मत निर्णय गरी पार्टीका उम्मेदवार तय गर्नु चुनौतीपूर्ण हुँदै गएको छ। पार्टीका उम्मेदवार तय गर्ने निर्णय प्रक्रिया लोकतान्त्रिक, वैधानिक, पारदर्शी, सहभागितामूलक र विवेकसम्मत छैनन्। यही कारणले पार्टीमा विवाद हुँदैआएको छ र नेता तथा कार्यकर्तामा व्यापक असन्तुष्टि बढ्दै छ।

हाम्रो हालसम्मको परम्परागत टिकट वितरण प्रणाली लोकतान्त्रिक पनि छैन, सहभागितामूलक र पारदर्शी पनि छैन, न्यायसम्मत र विवेकसम्मत पनि छैन। त्यसैले यस्तो परम्परागत प्रणाली मौलिक रुपमा नै रुपान्तरण गर्नुपर्ने राजनीतिक परिवेश सृजना भएको छ । लोकतान्त्रिक समाजको खुला र उदार अवधारणालाई पूर्णरुपमा अनुसरण गरी सहभागितामूलक पारदर्शी प्रक्रियाबाट यो समस्याको पनि समाधान गरिनु पर्छ।

हामीले हालसम्म संसदीय समितिमार्फत टिकट वितरण गर्दै आएका छौं । तर अब आफ्नो जनप्रतिनिधि छनोटका लागि  सम्बन्धित तहका क्रियाशील सदस्यहरूका बीचबाट नै आन्तरिक निर्वाचन (प्राइमरी इलेक्सन) मार्फत पार्टीको उम्मेदवार तय गर्ने प्रक्रिया अपनाउनु बदलिँदो समय र जनचाहना अनुकूल छ । हामीले विगत लामो समयदेखि उठाउँदै यस्तो प्रक्रिया लोकतान्त्रिक र सहभागितामूलक हुनेछ, पारदर्शी र विवेकसम्मत पनि हुनेछ । प्राइमरी इलेक्सनलाई कति मतभार दिने भन्ने बारेमा छलफल गरी उपयुक्त निष्कर्षमा पुग्न सकिन्छ, तर  टिकट वितरणको हाम्रो समस्या समाधानका लागि योभन्दा अर्को श्रेष्ठ लोकतान्त्रिक, सहभागितामूलक र पारदर्शी प्रक्रिया छैन । लोकतान्त्रिक प्रणाली अनुसरण गरेका विश्वका कतिपय देशहरुले पनि पार्टीको उम्मेदवार तय गर्ने सम्बन्धमा प्राइमरी इलेक्सन प्रणाली नै अंगीकार गरेको देखिन्छ । हामीले उनीहरूको अनुभवबाट लाभ लिनु श्रेयस्कर हुनेछ ।

### ४. पार्टी कोष व्यवस्थापन

पार्टीको आर्थिक व्यवस्थापन नेपालका सबै पार्टीहरुको साझा समस्या हो । पार्टीको लागि औपचारिक कोष एकातर्फ हुन्छ । तर पार्टीमा अतिरिक्त साधन-स्रोतको प्रभावले गर्दा राजनीतिक पार्टीहरु अत्यन्त विवादित र बदनाम हुँदै आएको देखिन्छ । फलस्वरूप, पार्टीमा अतिरिक्त साधन-स्रोतको अस्वस्थ प्रभाव बढ्दै गइरहेको छ । यसरी राजनीतिक पार्टीहरु विवादित र बदनाम हुँदा लोकतान्त्रिक पद्धति र निर्वाचन प्रणाली समेत विवादित र बदनाम हुँदै आएका छन् । त्यसैले लोकतान्त्रिक प्रणालीको रक्षार्थ पनि पार्टी कोषलाई व्यवस्थित र पारदर्शी बनाउनु अत्यावश्यक छ ।

पार्टीको कोष व्यवस्थापन र पारदर्शिताका दृष्टिले पार्टीहरूले निर्वाचनमा पाएको मत परिणामको अनुपातमा राज्यले नै कोष उपलब्ध गराउनु श्रेष्ठ विकल्प हुनेछ ।  यदि यस्तो प्रणाली विकसित गरियो भने पार्टीको कोष व्यवस्थित पनि हुनेछ र पारदर्शी पनि हुनेछ । पार्टी कोषको कारणले लोकतान्त्रिक प्रणाली,  राजनीतिक पार्टी, निर्वाचन प्रणाली र निर्वाचनमा पार्टीका उम्मेदवारहरु बदनाम र विवादित हुने सबै दुर्भाग्यपूर्ण श्रृंखलाको पनि अन्त्य हुनेछ । विश्वका अन्य लोकतान्त्रिक देशहरुले पनि यस्तो प्रणाली अनुसरण गरेका छन् ।

**सभापतिज्यू,**

मैले माथि अबको हाम्रो पार्टीको एजेण्डा र ध्येय समुन्नत नेपाल सम्मानित नेपालीको बारेमा चर्चा गरे । त्यसको लागि समाजिक लोकतन्त्रको सिद्धान्त यसको आधारमा पार्टीले तत्काल गर्नुपर्ने कार्यक्रम र यसको कार्यान्वयनको लागि पार्टीमा गर्नुपर्ने सुधारका बारेमा संक्षिप्त विषयवस्तु प्रस्तुत गरें । यो भनेको अहिलेको नेपाली कांग्रेसको अवस्था बदल्ने हो। बदलिएको कांग्रेस मात्र बलियो कांग्रेस हुन्छ । बदलिएको र बलियो कांग्रेसले मात्र अहिलेका यावत चुनौतीको सामन गर्दै देशलाई सहिओ मार्गमा डोऱ्याउन सक्छ, समुन्नत नेपाल निर्माणको नेतृत्व गर्नसक्छ भन्ने मेरो विश्वास हो । यो एकजनाको विश्वास, एकजनाको संकल्प र प्रयासबाट हुने विषय होइन हामी सवैको सामुहिक संकलप र सत्प्रयास चाहिन्छ । पार्टीको मूल नेतृत्व तयार भएमात्र यो संभाव छ । यो एजेण्डा सहित पार्टीलाई अगाडि वढाउन हामी सवै दृढ संकल्पित बनौं,अनि सिंगो पार्टी यो मिसनमा जुरुक्कै उठ्छ । पार्टीको जीवनमा एजेण्डा विचार मस्तिस्क अर्थात म्यासेज हो, संगठन शरिर अर्थात मेसिन हो र प्रत्येक तहको नेता, सदस्य संचार अर्थात मेसेन्जर हो ।म्यासेज, मेसिन र म्यासेन्जर ठिक ढङ्गले गतिशील र परिचालित भयो भने नेपाली कांग्रेसलाई हामीले त्यही आत्मविश्वास र आदर्श भएको पार्टीका रुपमा पुनर्निर्माण गर्न सक्छौं ।  यसले नै आम नागरिकमा आशा, भरोषा र विश्वास दिनसक्छ ।

**अन्त्यमा,**

**सभापतिज्यू,**

मैले यी समग्र विषयमा विगत लामो समयदेखि पार्टीको आन्तरिक छलफल र बैठकमा समेत राख्दै आएको छु, सार्वजनिक रुपमा पनि आफ्नो धारणा राख्दै आइरहेको छु । यसमा मेरो कुनै आग्रह वा र पूर्वाग्रह छैन । मेरो एकमात्र ध्येय नेपाली कांग्रेसलाई २१ औं शताब्दी सुहाउँदो नेपाली जनताको परिवर्तनको आकांक्षा र समुन्नतिको चाहनालाई सम्बोधन गर्ने पार्टी बनाउने भन्ने हो। पार्टीका सामुने व्यक्ति गौण कुरा हो। मेरो सम्पूर्ण कोसिस पार्टीलाई लोकप्रिय र जनउत्तरदायी पार्टी बनाउने कुरामा केन्द्रित छ ।

नेपालमा पार्टीहरू जमेको पोखरी जस्तो बनेका छन । विगत करिब ३० वर्षदेखि हाम्रो शासन ४-५ जना भुतपूर्व प्रधानमन्त्रीहरूको क्लब जस्तो भएका छ, कुनै रोमाञ्चक कौतुहलता विनाको । यो कुरा नेपाली जनतामा असन्तुष्टि, निराशा र वितृष्णाको एउटा ठूलो कारण हो । त्यो निराशाबाट उनीहरुलाइ त्राण दिनु हाम्रो पुस्ताको, राजनीति बदल्ने भनेर आएकाहरुको कर्तव्य पनि हो । मैले यो सबै कुरा गर्दा पार्टीको विधि, नियम, विधान उल्लङ्घन गरेर तोडमोड गरेर गर्छु कतै भनेको पनि छैन । यति हो, परिवर्तनको लागि प्रयास गरिरहेर जनतालाई आशावादी बनाउने काम हामीले छाड्न हुँदैन ।

निर्वाचनमा विजय-पराजय हुन्छ, राजनीतिमा आरोह-अवरोह पनि आउँछ; पार्टी जीवनमा पनि स्वभाविक उतार-चढावहरू आउँछन् । राजनीतिक परिस्थिति निरपेक्षरुपले सधैं अनुकूल वा सधैं प्रतिकूल हुँदैन । जस्तोसुकै परिस्थितिमा पनि अनुकूल होस् वा प्रतिकूल, साधारण होस् वा असाधारण, अपेक्षित होस् वा अनपेक्षित, तत्कालीन परिस्थितिको ठोस विश्लेषण गरी जनताको आशा र अपेक्षा अनुसार देश र पार्टीलाई मार्गनिर्देश गर्ने काम नेतृत्वको हो ।

हाम्रो पार्टीलाई सुधार र रुपान्तरण गरी लोकप्रिय, बलियो र जनताप्रति उत्तरदायी पार्टी बनाउन सैद्धान्तिक-वैचारिक, सांगठनिक र नेतृत्वको दृष्टिले नयाँ आयामबाट बहस र विमर्श गरी ठोस निष्कर्षमा पुग्नै पर्ने घडी आएको छ । त्यसैले मैले यी विषय उठाउँदै आएको छु ।

यही बैठकको क्रममा पनि साथीहरुले हामीहरुले सार्वजनिकरुपमा पार्टीको विचार, सिद्धान्त, नीति, रणनीति र नेतृत्वको बारेमा बोलेको कारणले पार्टीमा समस्या भएको भन्ने भाष्य सृजना गर्न खोजेको देखियो ।

कति साथीहरूलाई लागेको होला, महामन्त्रीहरुले मौन धारण गरेर बसे पार्टीका सबै समस्या स्वतः समाधान हुन्छन् । त्यो त सरासर लोकतान्त्रिक पार्टीको आचरणको खिलाफमा हुन्छ । फरक मत के हो, के फरक मत राख्ने बित्तिकै नेतृत्व कमजोर भई हाल्छ भन्ने भ्रम बाट साथीहरु मुक्त हुनु पर्दछ, मेरो सविनय निवेदन पनि छ । दुनियाको इतिहासमा कुनैपनि लोकतान्त्रिक पार्टी भित्र फरक मत आएको भएर बिग्रेर गएको छैन, त्यसको ठीक उल्टो बलियो भएर गएका छन् । पार्टीमा जति धैरै जीवन्त छलफल, बहस, विमर्श र विवेचना हुन्छ, पार्टी त्यति नै लोकतान्त्रिक हुन्छ, त्यति नै जनमुखी हुन्छ र पार्टी तथा नेतृत्व जनताप्रति त्यति नै उत्तरदायी हुन्छ । त्यसले जनतामा पनि पार्टीका प्रति विश्वास र अपनत्वको भाव सृजना गर्छ भन्ने मेरो दृढ विश्वास छ ।हाम्रो पार्टीमा नेतृत्वको बारेमा खुला बहस हुनु स्वाभाविक र लोकतांत्रिक

प्रकृयाको अंग हो । यस्तो बहसले नेतृत्वलाई जनताप्रति उत्तरदायी बनाउँछ र केन्द्रदेखि टोलसम्म पार्टीमा नेतृत्व विकासको स्वस्थ र लोकतान्त्रिक वातावरण पनि सृजना हुन्छ । यस्तो बहस वैधानिक छ किनभने यो लोकतान्त्रिक र विधानसम्मत छ । यो बहस वाञ्छनीय पनि छ किनभने यो अपरिहार्य छ । यो वास्तविकतालाई आत्मसात गर्दै यस्तो बहसलाई पार्टीको बृहत्तर हितका लागि गरिएको लोकतान्त्रिक, विधानसम्मत र पारदर्शी प्रक्रियाको रूपमा ग्रहण गर्न आग्रह गर्दछु। त्यसैले यो प्रक्रिया जारी रहन्छ।

मैले एउटा जोखिम देखिरहेको छु । त्यो के भने हामीले माथि चर्चा गरेजस्तै पार्टीको शीर्ष नेतृत्व आत्मश्लाघाबाट आल्हादित हुने तर कार्यकर्ता पंक्ति र पार्टीका सदस्यहरु आत्मनिन्दाबाट ग्रसित हुने । यस्तो दुर्भाग्यपूर्ण आत्मनिन्दा र आत्मश्लाघाले हामीलाई कहाँ लैजान्छ, हामी कहाँ पुग्छौं ? भन्ने यथार्थलाई गम्भीरतापूर्वक चिन्तन-मनन गर्नु अपरिहार्य छ । त्यसैले यस्तो आत्मघाती प्रवृत्तिबाट दुवै तह र तप्का अविलम्ब मुक्त हुन जरुरी छ । पार्टी जीवनका सबै विषयमा केन्द्रदेखि एकाई तहसम्म गहन, पारदर्शी र पूर्वाग्रहमुक्त छलफल र विचार विमर्शको लोकतान्त्रिक चरित्रलाई आत्मसात र प्रोत्साहित गरेर गर्न सकियो भने मात्र त्यस्तो आत्मघाती प्रवृत्तिबाट पार्टीलाई मुक्त गर्न सकिन्छ ।

मेरो कोसिस हमेशा पार्टीलाई कसरी चलायमान बनाउने , जनताको आवाज मुखरित गर्ने संस्था बनाउने तर्फ केन्द्रित छ। त्यसैले सम्पूर्ण आग्रह र पुर्वाग्रहभन्दा माथि उठेर हामीले समयको पदचापलाई अनुशरण गर्दै १४ औं महाधिवेशनको नारा -' उत्साह, एकता र रुपान्तरण ' को मर्म अनुरूप नै सिंगो कांग्रेस पंतिको कार्यपद्धति परिचालित र निर्देशित हुनु पर्दछ।

**अन्त्यमा,** पार्टीको अबको एजेण्डा, शिद्धान्त, कार्यक्रम, कार्ययोजना र कार्यतालिका लाई अध्ययन मनन गर्नुहुनेछ र यसमा आधारित रहेर पार्टी संगठन गतिशील बनाउन सवैको योगदान रहनेछ भन्ने विश्वास लिएको छु । **जय नेपाल!**

**गगनकुमार थापा**
**महामन्त्री**

**२०८० साउन ८**